लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

वर्ष १८, अंक १९, २०८१ मंसिर २८ गते शुक्रबार (Dec. 13, 2024) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

# अदालतको आदेश पर्खिंदै रास्वपा

## ■ लामिछाने हिरासतमै ■ दलहरू विपरित ध्रुवमा

भक्तपुर/राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) का सभापति रवि लामिछानेलाई कास्की जिल्ला अदालतले थप पाँच हिरासतमा राख्न अनुमति दिएको छ। जिल्ला अदालत कास्कीमा बिहीबार न्यायाधीश चन्द्रकान्त पौड्यालको इजलासले लामिछानेलाई थप पाँच दिनको म्याद थप गरेर अनुसन्धान गर्न अनुमति दिएपछि थप दिन उनी प्रहरी हिरासतमै रहने छन्।

प्रहरीले अनुसन्धानका लागि भनी थप नौ दिन हिरासतमा राख्न भनी अनुमति मागेको अवस्थामा अदालतले थप चार दिनको लागि मात्र अनुमति दिएको हो। अर्को पटक अदालत उपस्थित गराउँदा अभियोजनपत्र पनि दायर गर्ने तयारीमा प्रहरी रहेको समाचार स्रोतले जानकारी दिएको छ।

सहकारी ठगी प्रकरणमा गत कात्तिक २ गते काठमाडौंबाट रविलाई पक्राउ गरिएको थियो। पछिल्लो पटक थपिएको चार दिनको म्याद हिजो सकिने भएकाले उनलाई बिहीबार अदालतमा उपस्थित गराइएको थियो।

त्यसो त लामिछानेबारे कास्की प्रहरी प्रतिवेदनको तयारीमा जुटेको छ। अनुसन्धान एक दुई दिनमै सकेर प्रहरीले अनुसन्धान प्रतिवेदन बुझाउने तयारी गरिरहेको छ। कास्कीका प्रहरी उपरीक्षक श्यामबाबु ओलियाका अनुसार अनुसन्धान



अधिकृतहरूले प्रतिवेदन तयार गरिरहेका छन्।

लामिछानेविरुद्धसम्पत्ति शुद्धीकरण, सहकारी ठगी र सङ्गठित अपराध गरेको कसुरमा मुद्दा दायर गर्न सरकारी वकीललाई राय सहितको प्रतिवेदन बुझाउने तयारीमा प्रहरी रहेको स्रोतले जानकारी दिएको छ।प्रहरीले लामिछानेसहित यो प्रकरणमा जोडिएका चारजनाको म्याद थप गर्दै अनुसन्धान गरिरहेको छ। सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा पनि अनुसन्धान गरिरहेको हुनाले ९० दिनभित्र मुद्दा अदालतमा दर्ता गरिसक्नुपर्ने कानूनी व्यवस्थाका कारण प्रहरी अब प्रतिवेदनलाई अन्तिम रुप दिन लाग्नुपर्ने बाध्यतामा प्रहरी रहेको छ।

यो प्रकरणमा सबैभन्दा पहिले पक्राउ परेका छविलाल जोशी पक्राउ परेको दिनबाटै अरू चारजनाको म्याद मिलान भएको हुनाले आगामी पुस ५ भित्रको समयसीमा प्रहरी रहेको छ। समयसीमा भित्रै कास्की जिल्ला अदालतमा अभियोगपत्र दायर गर्नुपर्ने कानूनी व्यवस्थाका कारण प्रहरी प्रतिवेदन बनाउन लागिपरेको हो।

सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न आरोपमा लामिछाने, जोशी, गुल्मीकी लीला पछाई, तनहुँका रामबहादुर खनाल र पोखरा घर भएका कृष्ण गुरुङ प्रहरीको हिरासतमा छन्। पक्राउ परेकाभन्दा बाहेक कम्तीमा ३५ जनालाई फरार प्रतिवादी कायम गर्न प्रहरीले राय दिने भएको स्रोतले जानकारी दिएको छ।

सूर्यदर्शन, स्वर्णलक्ष्मी, सहारा र सानो पाइलाबाट गोरखा मिडिया नेटवर्कमा ६५ करोड ५४ लाख रकम ल्याएर अपचलन गरेको भनी सूर्यबहादुर थापा क्षत्री नेतृत्वको संसदीय समितिको छानविन निष्कर्ष थियो। उक्त छानविन समितिको प्रतिवेदनका आधारमा सरकारले लामिछानेलगायतलाई यो प्रकरणमा अनुसन्धान थालेको हो।

सूर्यदर्शनबाट मात्रै गोरखा मिडियामा पाँच करोड ५८ लाख रुपियाँ ल्याएको भेटिएको दाबी गरिएको छ।सूर्यदर्शन सहकारीको शेयर सदस्य र ऋणी आफू नभएको दाबी लामिछानेले गर्दै आफ्नो बयानमा सोही विवरण समावेश गरेको बताइएको छ। उनले सूर्यदर्शनको सञ्चालक समिति, लेखा समिति, ऋण समिति वा अन्य कुनै पनि पदमा आफू नरहेको बयान गरेका छन्। उनले सो सहकारीमा आफूले बचत खाता तथा कर्जा खाता नखोलेको बयानमा उल्लेख गर्दै आफूले उक्त सहकारीबाट ऋण पनि

बाँकी ७ पृष्ठमा

# डोनाल्ड लु र देउवा भेटले राजनीतिमा तरङ्ग



काठमाडौं/ संयुक्त राज्य अमेरिकाका दक्षिण तथा मध्य एशिया हेर्ने अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु दुई दिने नेपाल भ्रमण सम्पन्न गरी गत मंसिर २४ गते स्वदेश फिर्ता भएका छन्। भ्रमणका क्रममा सहायक मन्त्री लुले नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल, अर्थमन्त्री विष्णुप्रसाद पौडेल लगायतका नेताहरूसँग भेटघाट गरेका थिए।

प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली झापामा भएका कारण उनसँग भेट हुन सकेन। सहायक विदेशमन्त्री लुले एमसीसी कार्यान्वयन सन्तोषजनक रूपमा अघि बढेको बताए। प्रधानमन्त्री ओलीसँग भेट नभएपनि उपप्रधान तथा अर्थमन्त्री पौडेलसँग भेट गरी द्विपक्षीय आपसी हितका विविध विषयमा छलफल

बाँकी ७ पृष्ठमा

# सडक विभागलाई बी.पी. राजमार्ग टाउको दुखाई



काठमाडौं/ पूर्वी नाकाको लाइफलाइन ठानिएको बी.पी. राजमार्ग गत असोज १०-१२ गतेको बाढी पहिरोका कारण क्षत विक्षत बन्न पुगेको छ। बर्षा आउन ६-७ महिना मात्र बाँकी हुँदा पनि अझै निर्माण कार्य शुरू हुन सकेको छैन।

बी.पी. राजमार्ग जापान सरकारको सहयोगमा निर्माण भएकाले भौतिक मन्त्रालय र सडक विभागले जापान सरकारले बनाई देला कि भन्ने आश गरेर बसेको छ। खास गरी सडक विभागको नेतृत्व असक्षम हुँदा आज सम्म बजेट पनि निकासा हुन सकेको छैन। यसका कारण निर्माण कार्य प्रभावित बनेको छ। निर्माण कार्य छिटो शुरू गर्नेबारे अध्ययन गर्न संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय बबरमहलका डा. निर्देशक शुभराज न्यौपाने बी.पी.

बाँकी ७ पृष्ठमा

# आयल निगमका कार्यकारी नीतिगत सुधारमा केन्द्रित



काठमाडौं/ नेपाल आयल निगमको कार्यकारी निर्देशकमा डा. चण्डिका भट्ट आएपछि सुधारका संकेतहरू देखिन थालेका छन्। खुल्ला प्रतिस्पर्धाबाट आएका उमेश थानीले राजीनामा दिएपछि गत २०८० फागुनको दोस्रो साताबाट भट्टले निगमको नेतृत्व सम्हालेका थिए। आयल निगमको इतिहासमा पिएचडी डाक्टरले नेतृत्व सम्हालेको यो पहिलो भएको जानकारहरूले बताएका छन्।

उनीभन्दा अगाडि निगमको नेतृत्व इञ्जिनियर पृष्ठभूमिका व्यक्तिहरूले राजनीतिक दलका नेताहरूलाई प्रभावमा पारी सम्हाल्दै आएका थिए। थानीभन्दा अगाडिका प्रबन्ध निर्देशक गोपालबहादुर खड्काले निगमलाई ध्वस्त पारी ऋणको भारी बोकाएर उठ्नै नसक्ने

बाँकी ७ पृष्ठमा

# वरिष्ठ अधिवक्ता भण्डारी पुरस्कृत

काठमाडौं। 'दयाराम परियार स्मृति पुरस्कार' वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलाई प्रदान गरिएको छ। उक्त पुरस्कार अधिकारकर्मी दयाराम परियारको स्मृतिमा राष्ट्रिय मानव अधिकार आयोगद्वारा स्थापित गरिएको हो।



यो पुरस्कार प्रत्येक वर्ष मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने एकजना व्यक्तिलाई प्रदान गरिने गर्दछ। वरिष्ठ अधिवक्ता भण्डारीलाई यस पटक सो पुरस्कारका लागि छनौट गरिएको थियो। ७६औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसर पारेर भण्डारीलाई सो पुरस्कार वितरण गरिएको थियो।

आयोगले मंगलबार एक कार्यक्रमको आयोजना गरी भण्डारीलाई पुरस्कार प्रदान गरेको थियो। उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद

बाँकी ७ पृष्ठमा

# पत्रकार महासंघको चुनावमा भाँडभैलो

काठमाडौं। नेपाल पत्रकार महासंघको २७औं महाधिवेशन आज हुँदैछ। देशभरका पत्रकारहरु महाधिवेशनमा भाग लिन कठ्याङ्ग्रीदो जाडोको प्रवाह नगरी संघीय राजधानी काठमाडौं आएका छन्। आज हुन गैरहेको पत्रकार महासंघको चुनावमा अध्यक्ष पदका लागि रमेश विष्ट, निर्मला शर्मा र देवीप्रसाद सापकोटा मैदानमा उत्रिएका छन्।

नेपाल प्रेस युनियन र प्रेस चौतारी नेपालको साझा उम्मेदवारका रुपमा निर्मला शर्मा मैदानमा छिन्। शर्मा विगत लामो सयमदेखि पत्रकारिता क्षेत्रमा कृयाशील रहँदै आएकी छन्। विष्ट प्रेस युनियनकै असन्तुष्ट पक्ष, प्रेस सेन्टर र अन्य संस्थाहरुले साथ दिएपछि विद्रोही उम्मेदवार बनेर मैदानमा उत्रिएका छन्। विष्ट यसअघिको कार्यकालमा वरिष्ठ उपाध्यक्ष थिए।





पछिल्लो समय प्रेस युनियन राजनीतिक दलको र केही नेताको भक्त बनेपछि असन्तुष्टि बढ्दै गैरहेको छ। प्रेस युनियनको नेतृत्व गलत व्यक्तिको हातमा जाँदा प्रजातन्त्रवादी आस्था राख्ने स्वाभिमान् बोकेका निष्ठावान् पत्रकारहरु ओझेलमा पर्दै आएका छन्। पछिल्लो समय प्रेस युनियनमा विचौलिया र नेताको झोला बोकेर आफ्नो पटक भर्ने पत्रकारहरु हाबी हुने गरेको चर्चा चलेको छ।

यस पटकको महाधिवेशनमा प्रेस युनियनबाट पत्रकार महासंघको अध्यक्ष बन्ने उम्मेदवार नै नपाएको पनि जानकारहरुले बताएका छन्। यस पटक

बाँकी ७ पृष्ठमा

## लक्जमबर्गका उपप्रधानमन्त्रीसँग भेटवार्ता

काठमाडौं/ परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले लक्जमबर्गका उपप्रधानमन्त्री, विदेश एवं वैदेशिक व्यापारमन्त्री जेभियर बेटेलसँग भेटवार्ता गरेकी छिन्। मंगलबार लक्जमबर्गमा भएको भेटवार्तामा नेपाल लक्जमबर्ग सम्बन्धका विविध पक्षका साथै आपसी हित, साझा चासो र सहकार्यका बारेमा

बाँकी ७ पृष्ठमा

# के तपाईं बन्न सक्नुहुन्छ पत्रकारको नेता ?

**प्रसङ्गवश**

**अश्विनदानी**

यदि तपाईं पत्रकारिता गर्नुहुन्छ वा यस क्षेत्रप्रति चासो देखाउनु हुन्छ भने समयसमयमा 'पत्रकार महासंघको कार्यालयमा पत्रकारले नै गरे तालाबन्दी' शिर्षकको समाचार लेखेको/पढेको या सुनेको स्मरण छ ?

पत्रकार महासंघ अर्थात्, 'सम्पूर्ण नेपाली पत्रकारहरुको साझा छाता संगठन !'जसको स्थापना सम्पूर्ण नेपाली पत्रकारहरुलाई संगठित गर्दै व्यावसायिक नेतृत्व प्रदान गर्ने र श्रमजिवी पत्रकारहरुको हकहित रक्षा गर्दै सम्पूर्ण सञ्चार क्षेत्रको विकासका लागि काम गर्ने उद्देश्यका साथ भएको हो।आखिर पत्रकारहरुले नै आफ्नो साझा संगठनमा किन तालाबन्दी गर्छन् ? यो प्रश्नको जवाफ पत्रकार महासंघका हालसम्मका नेतृत्व र भावी नेतृत्वको आशा बोकेर चुनावी मैदानमा होमिएकाहरुले दिन सक्छन् या सक्दैनन् ? त्यो मलाई थाहा छैन।

मलाई यो पक्कै थाहा छ। यस्तो किन हुन्छ ? किनकि, स्वतन्त्रताका हिमायती कृष्णप्रसाद भट्टराईसहितका अग्रजहरूले स्थापना गरेको नेपाल पत्रकार महासंघमा पछिल्लो समय 'राजनीतिक ग्रहण' लागेको छ। यसका कारण, वास्तविक श्रमजीवि पत्रकारहरुले महासंघलाई साझा संस्थाका रुपमा अंगिकार गर्न सकेका छैनन्। उनीहरुमा यस संस्थाप्रति अपनत्व बोध छैन। सायद त्यसैले होला, अझैपनि देशभर हजारौं पत्रकारहरु महासंघमा आवद्धताका लागि खासै चासो देखाउँदैनन्।

महासंघले हरेक महाधिवेशन अगाडि सदस्यता शुद्धिकरण र नयाँ सदस्यता वितरण गर्ने प्रचलन छ। अधिकतम् महासंघको केन्द्रीय कार्यालयदेखि देशभरका विभिन्न शाखाहरुमा पटकपटक तालाबन्दी हुने यही समयमा हो किनकि यस समयमा कतिपय ठाउँमा क्रियाशील र श्रमजीवि पत्रकारहरु महासंघले तोकेको योग्यता, क्षमता र मापदण्ड पूरा गर्दागर्दै पनि सदस्यता पाउँदैनन्। अनि, कहिंकतै पत्रकारिता क्रियाशील रहेपनि राजनीतिक रंगभेदका कारण सदस्यता शुद्धिकरणका नाममा महासंघका नेतृत्वको चलखेलमा हटाइन्छ। यति मात्रै हैन, कहिंकतै त पत्रकारिता नै नगर्ने राजनीतिक दलका नेता कार्यकर्तालाई समेत महासंघको सदस्यता दिइन्छ। नेतृत्वमा पुऱ्याइन्छ।

विशेषतः पत्रकार महासंघको कार्यालयमा तालाबन्दी यी यस्तै कारण हुने गर्छ। महासंघको विधान र तोकिएको मापदण्ड अनुसार योग्यता, क्षमता भएका सबै योग्य पत्रकारहरुलाई सदस्यता दिने र मापदण्ड नपुगेका र विद्यान विपरित गतिविधि गर्ने जो कोहीलाई संगठनमा स्थान नदिने भने सायदै तालाबन्दी हुँदैनथ्यो !

अर्को कुरा, पत्रकार महासंघको नेतृत्व गर्नेहरु साझा र स्वतन्त्र बन्न नसक्दा पनि ऐतिहासिक महासंघको गौरवमय साख गुम्दै गएको छ। पछिल्लो समय महासंघको निर्वाचनमा दल निकट पत्रकार संगठनहरुले गठबन्धन गर्दै भागबन्डाका आधारमा देशभर समूह(प्यानल) बनाएर उम्मेदवारी दिने गरेका छन्। त्यसमा पनि देशमा जुनजुन दलहरु सत्तासाझेदार छन्, तिनै दलनिकटका पत्रकार

बाँकी ७ पृष्ठमा


# सडक सुरक्षा सचेतना सम्बन्धी जानकारीमूलक सन्देशहरू

- लाामो तथा छाटो दुरीमाचल्ने सार्वजनिक तथा निजी सवारी साधन क्षमताभन्दा बढी राखी नचढाऔं र नचढौं।
- सडकको बिचमा दौडने, खेल्ने वा हिंड्ने नगरौँ।
- मादक पदार्थ तथा लागूपदार्थ सेवन गरी सवारी साधन नचलाऔं।
- ट्राफिक नियमहरुको पालना गरौं।
- सवारी साधन चलाउँदा गती सिमित गरौं।
- सडकपेटी भएको ठाउँमा सडक पेटीको प्रयोग गरौं, नभए सडकको दाहिने किनाराबाट हिँडौं।
- सवारी चलाउँदावा वाटो काट्दा कहिल्यै पनिमोवाईल फोनको प्रयोग नगरौँ।
- जथाभावी ओभरटेक नगरौं, दाहिनेपट्टीबाट अथवा अगाडीको गाडीले संकेत दिए पछि मात्र ओभरटेक गरौं। विपरीत दिशावाट आउने सवारीसाधनको लेनमा प्रवेश नगरौँ।
- गाडी पुरै रोकिएपछि मात्र गाडीबाट ओर्लने वा चढ्ने गरौं।
- चलिरहेको सवारी साधनबाट आफ्नो शरीरको कुनै पनि अंग बाहिर ननिकालौं।
- दुई वादुई भन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासनपालन गरौं।
- सडक विभागको मापदण्ड तथा सवारीसाधनको क्षमताभन्दा बढी वजन बोक्नमा रोक लगाऔं।
- तोकिएको ठाउँ (बस स्टप वा टेम्पो स्टप) बाट मात्र यात्रु चढ्ने ओराल्ने बानी बसालौं।
- भिन्न क्षमता भएका (शारीरिक कमजोरी तथा दृष्टिविहिन) नागरिकलाई प्राथमिकता दिई सडक प्रयोगमा सहयोग गरौँ।
- सडकमा बाटो काटनु पर्दा जेब्रा क्रसीङ्ग, आकाशे पुल सव–वे जस्ता सुरक्षति ठाउँवाट मात्र बाटो काटौं।
- सडकको दायाँ तर्फबाट मात्र ओभरटेक गरौं।

**सडक विभाग, सडक सुरक्षा, ट्राफिक शाखा**

# मुटु नै हल्लाउने एउटा संदिग्ध हत्या !

**लक्ष्मीधर गुरागाईं**

मनिसमा माया, दया , प्रेम , सहानुभूति र परोपकारको भावना दिनहुँ घटिरहेको , मानिस हिंस्रक जंगली जनावरभन्दा पनि क्रूर, निर्दयी भएर गइरहेको कुरा विगतका केही घटनाहरुले पुष्टि गर्दैछन्। स्वभावैले मानिस त दयालु, प्रेमिल हुनुपर्ने हो तर आज ऊ किन मानवताको बाटो छाडेर दानवीकरण हुँदै गएको छ भन्ने कुरामा धेरैको मगज तताइरहेको छ। निर्दोष बालिकाहरुमाथि बलात्कार र हत्या, हिंसा, घरेलु हिंसा आदि वर्तमानका जटिल कुराहरुले समाजका लब्धप्रतिष्ठितदेखि शिक्षक, प्राध्यापक, मनोवैज्ञानिक आदि ले गम्भीरतापूर्वक सोच र चिन्तन गर्ने बेला भएको छ।

दिनप्रतिदिन बढ्दै गएका सामग्रीको उपभोक्तावादी संस्कार र संस्कृतिले पो मानिसलाई क्रूरताका बाटामा लाँदैछ कि भनेर पनि चिन्तन गर्न आवश्यक छ। यसका लागि हाम्रा पाठ्यक्रम, पाठ्यपुस्तकमा समयसापेक्ष परिवर्तन गरेर उनीहरुलाई गर्नुपर्ने शिक्षण सिकाइमा पो फेरबदल ल्याउन पर्दछ कि? यस विषयमा पनि गम्भीर हुनपर्ने खाँचो देखिएको छ। नेपालमा निर्मला पन्तको बलात्कार पछि हत्याको घटनाको खाटो उक्किन नपाउँदै भर्जिनियाँमा एक महिलाको हत्याको घटनाले मानिसको मगज हल्लइदिएको आभाष हुँदैछ।

भर्जिनियाँबाट ममता काफ्ले नामकी एक नेपाली युवती विगत एक महिनादेखि हराइरहेको समाचार बाहिर आउँछ। श्रीमान र एकवर्षकी छोरीलाई घरैमा ममता बेपत्ता भएको समाचारले भर्जिनियाँको नेपाली समाज चिन्तित हुन्छ। त्यस क्षेत्रका नेपालीहरुले ममतालाई बेपत्ता पार्नमा उनकै श्रीमान नरेश भट्टको हात हुनसक्ने आशंकाले उनको घर घेरेको , पत्रकारहरु गएर नरेश भट्टसित अन्तर्वार्ता गरिरहेका दृश्य सामाजिक सञ्जालमा जतातती फैलिनथालछ।

ममता एउटा अस्पतालकी नर्सको काम गर्थिन भने पति नरेश आर्मीको जागिर ह्वाइट हाउसमा काम गर्न थालेका हुन्छन्। पत्रकारहरुले नरेशलाई घरमै गएर ममता बेपत्ता हुनुको कारणबारे विविध प्रश्न गर्छन्, नरेश अकमकाउँछ , जवाफदिन अकमकाएका कारणबाट गम्भीर शंका पैदा हुन्छ। नरेशको हाउभाउ बोलीवचन र शारीरिक भाषाले बताउँथ्यो दालमा केही कालो अवश्य छ। मेरा छेउमा बसेकी पत्नी सपनाले भनिन् ममता काफ्ले आफ्नी एकवर्षकी दूधमुखे छोरी चटक्कै छाडेर आफैं त कहाँ हिंडिन् होला र? उनका कुराले मेरा मनमा पनि मगजमा एउटा प्रश्नवाचक चिन्ह खडा भयो।

रहस्यमय किसिमबाट ममता बेपत्ता भएको ठहर भर्जिनियाँको नेपाली समाजले गर्‍यो। ममता बेपत्ता हुनमा उसको पति नरेशको हात हुन सक्ने भनेर उनलाई पक्राउ गरेर अनुसन्धान गरियोस् भनी भर्जिनियाँको नेपाली समाजले स्थानिय प्रहरीमा कडा दबाव दियो। नेपाली समाजको चर्को दवावलाई थेग्न नसकेर नरेश भट्टलाई प्रहरीले उसका घरबाट गिरफ्तार गर्‍यो। ऊ गिरफ्तार भएपछि एकपछि अर्को गर्दै रहस्यमय कुरा आउन थाले। प्रहरी अनुसन्धानबाट नरेशले आफ्नो टेस्ला कार बिक्री गरिसकेको रहेछ , उसले आफ्नो घर विक्रीमा राखेको रहेछ , आफ्नो र छोरीको पासपोर्ट सहित ब्यगहरु प्याक गरी हिँड्ने तरखर उसले गरेको रहेछ। यी कुराबाट प्रहरीले ममताको लास बेपत्ता पार्न नरेशको हात हुनसक्ने भनेर प्रहरीले अभियोगपत्र अदालतमा दर्ता गराएको देखिन्छ।

यसैबीच ममताका साथीहरुबाट उसको श्रीमान् नरेशले घरेलु हिंसा लामो समयदेखि गरेको कुरा सामाजिक सञ्जालमार्फत छरपष्ट भएपछि सुन्ने मानिसहरुको मुटु नै काम्छ। भान्साको काम धन्दा सकेर सोफामा मोबाइलमा घोल्तिरहेकी मेरी पत्नीले भनिन् अचेल त कसले कहिले गुगलमा के सर्च गरेको थियो भन्ने पनि पो देखिंदो रहेछ।

"कसले के सर्च गरेको रहेछ?" मेरो प्रश्नको जवाफमा सपनाले भनिन् " त्यो नरेशले पति वा पत्नीको मृत्युभयो भने कतिसमयपछि विवाह गर्न पाइन्छ? भनेर ममता बेपत्ता हुनुभन्दा तीन महिना पहिले नै गुगल सर्च गरेको रहेछ।"उनका कुरा सुनेर मैले आश्चर्य चकित भएर भने "ए हो र?" सपनाले फेरि भनिन् "त्यतिमात्रै कहाँ हो र, त्यसले त दम्पतिका नाममा भएको घरको एकजनाको मृत्यु भएमा ऋण के हुन्छ? भनेर पनि गुगल मै सर्च गरेको रहेछ। यो कुरा प्रहरी अनुसन्धानबाट बाहिर आएको हो।"

**मैले उनका कुरामा आश्चर्य व्यक्त गरें**

"होइन , मानिस कसरी त्यति क्रूर हुनसक्छ?" मानिस त स्वभावैले दया, प्रेम, सेवा, सहानुभूति, परोपकार, सहनशीलता भएको हुनुपर्ने होइन? मानिसलाई के कुराले त्यस्तो अपराध कर्ममा अग्रसर बनाउँछ? मेरा मनमा गम्भीर प्रश्न खडा भयो। मेरी पत्नी ममता र नरेशको घटनाका पछि लागिरहेकी थिइन्। म भने ल्यापटपमा औंला नचाइरहेको थिएँ। सपनाले फेरि थपिन् " ए बुढा , त्यस नरेश भट्टले त ममता बेपत्ता हुनुभन्दा निकै पहिले भर्जिनियाँकै एउटा वालमार्टमा गएर तीनओटा चक्कू , फोहोर फाल्ने ठूलाठूला आकारका ब्याग र सफा गर्ने केमिकलका ग्यालेन पनि किनेर ल्याएको प्रमाण प्रहरीले फेला पारेछ नि।"

प्रहरीले त्यस घरभित्रै ममताको हत्या गरेर उनको लाशलाई बाथरुमतर्फ घिसारेर लगेको हुनसक्ने शंका गरेको छ। त्यस घरभित्र बाथरुम र कार्पेटमा रगतका टाटाहरु फेला परेको भएपनि त्यसको डिएनएको रिपोर्ट नआई केही भन्न नसकिएको प्रहरीले जनाउ दिएको छ। कार्पेट लगायत जतातते लागेको रगत केमिकलले पुछेर सफा पार्न खोजिएको प्रहरी अनुसन्धानका कुरा पनि सामाजिक सञ्जालमा छरपस्ट भएका रहेछन्। महाकाली अञ्चलका नरेश भट्ट र काभ्रेकी ममता काफ्लेको उमेरमा झण्डै दशवर्ष फरक रहेछ। सुदूरपश्चिम र बाग्मती प्रदेशका चालचलन, संस्कार र संस्कृतिमा ठूलो अन्तर भएपनि अमेरिका मोहको कारण ममताले प्रेम विवाह गरेकी हुनसक्ने धेरैले अडकल गरेका छन्, सुदूर पश्चिमतिर छाउपडीका प्रथा आजपनि कतिपय ठाउँमा कायम छ, महिनावारी भएका अवस्थामा महिलाहरुलाई अलग्गै राख्ने, अछूत व्यवहार गर्ने प्रचलनको अवशेष आजपनि विद्यमान छ भने काठमाडौं र पूर्वका कतिपय ठाउँमा यसलाई खासै महत्व नदिइने गरिएको पाइन्छ ।

भट्ट अमेरिकी सैनिक भएर विवाह गरेपछि उनले आफ्नी विवाहिता पत्नीलाई आफ्नै डिपेन्डेन्टमा अमेरिका ल्याएका थिए। ममता एक अस्पतालमा नर्सको काम गर्न थालिन्। ममताको तलब राम्रो थियो। उनका लोग्नेले उनलाई तँ मेरो डिपेन्डेन्टमा अमेरिका आउन पाएकी होस् तेरो त खाडीमा कामगर्न जाने औकात पनि छैन। त्यसैले तैले कमाएजति पैसा सबै मेरा खातामा हाल। भनेर धम्काउने गरेको, कुट्ने र पिट्ने गरेको कुरा ममताका सहकर्मीहरुले सामाजिक सञ्जालमार्फत प्रवाह गरेका छन्।

नरेश भट्ट चारित्रिकरुपमा दुर्वल देखिन्छन्। राम्री राम्री नर्सहरु खोजीखोजी फेसबुकमा फ्रेन्ड रिक्वेस्ट पठाउने नरेशको बानी भएको पनि सामाजिक सञ्जालबाट प्रसारण भएको पाइन्छ। उसको अर्की एकजना नेपाली नर्ससित निकै हिमचिम बढेको कुरामा पनि अनुसन्धानमा खटिएका प्रहरीले शंका गरेको छ। त्यही सम्भावित प्रेमिकाले नरेशलाई चोख्याउने हेतुले नरेश र ममताका विविध फोटा र टिकटकहरु फेसबुकमा शुल्क तिरेर पोस्ट गरिरहेकी हो भन्ने पनि आशंका गरिएको छानरेश भट्टले प्रहरीलाई आफूले केही नबताएर जे बोल्नु छ मेरो वकील बोल्ने छ, म केही पनि बोल्दिन भनेको पाइन्छ। अमेरिकी प्रहरीले पनि अभियुक्त नरेशलाई बोल्नका लागि दबाव दिन त्यहाँको कानुन अनुसार नसकेको देखिन्छ।

प्रहरीले त्यस अभियुक्तलाई अदालतमा पेस गर्दा अदालत नेपाली समाजका मानिसहरुबाट भरिभराउ हुँदा अदालती क्रियाकलापलाई अवरोध हुनु स्वभाविकै हो, अदालतमा मानिसहरुको बाक्लो उपस्थितिले त्यसबेला त्यहाँका न्यायधीशले सबै नेपालीलाई अदालतबाट बाहिर निस्कन आदेश दिएछन्। नरेशलाई भने अदालतले पुर्पक्षका लागि कारागार चलान गरेको छ। साथै उसको अदालतमा हुने बहस पैरबीलाईसमेत गोप्य राखिने अदालतले जनाएको छ।

भर्जिनियाँस्थित मनसार प्रहरीले नरेशले ममता हराएको धेरै दिन बित्दा पनि प्रहरीमा उजुरी नदिनु , वालमार्टबाट उसले तीनवटा चक्कू किनेको सिसी टिभी फुटेजमा देखिएपनि घरमा एउटामात्र चक्कु फेला पर्नु दुई थान चक्कू हराउनु, चक्कू किनेको भोलिपल्ट नरेशले अर्को पसलबाट फोहोर फ्याँक्ने ठूला झोला र केही केमिकलका ग्यालेन किनेको, फोरेन सिक जाँचगर्दा नरेशको बेडरुम देखि बाथरुमसम्म रगतका टाटाहरु देखिनु, बाथटब उचालेर हेर्दा त्यसको तल धेरै रगत जमेको देखिनु, लाश घिसारेको निशाना कार्पेटमा भेटिनु , ममता हराएको १९ दिनपछि नरेशले आफ्नो टेस्ला कार बिक्री गरिसक्नु, प्रहरी नरेशका घरमा पुग्दा केही लुगा सुटकेसमा प्याक गरेर बाबुछोरीका पासपोर्ट समेत ठिक्क पारेर हिंड्न तरखर गरेको देखिनु, नरेशले आफ्नो घर बेच्न दुईजना घर दलाललाई जिम्मा दिएको कुरा खुल्नु र नरेशले प्रहरीलाई दिएको बयानमा झुटमुट कुरा बोल्नु, तीन महिना पहिले गुगल सर्च गरेर पत्नीको मृत्यु भएमा पतिले कतिसमयमा अर्को विवाह गर्न पाउँछ? दम्पतीमध्ये एकको मृत्यु भएमा घर किन्न लिएको ऋण के हुन्छ भनेर खोजी गरेको कुराबाट ममता बेपत्ता हुनु जस्ता अनेक दसी प्रमाणहरुले ममता बेपत्ता हुनमा नरेशको हात छ भन्ने देखिएपनि प्रहरीले उसलाई हालसम्म हत्याको अभियोग नलगाएर ममताको लाश बेपत्ता पारेको मात्र अभियोग लगाएर पुर्पक्षका लागि कारागार पठाएको छ।

प्रहरीले नरेशलाई मृत शरीर लुकाएको आरोपमात्र लागेको छ। नरेशले आफ्नो घरभन्दा दुई किलोमिटर जति टाढा रहेको सिग्नल हिल पार्क नजिकको वनमा ममताको लाश गाडेको हुनसक्ने पनि प्रहरीले त्यहाँ पनि खोजी कार्य जारी राखयो।

भर्जिनियाँका प्रहरीले ममताको न लाश भेट्न सकेको छ न सास। नरेश कस्टडी मै छ। नरेशका वकीलहरुले नरेशलाई थुनामुक्त गर्न अदालतलाई चर्को दवाव दिइरहेका छन्। प्रहरी नरेशले गम्भीर अपराध गरेको आशंकामा दसी प्रमाण खोजी गरिरहेको छ। उसले भरपर्दो प्रमाणभने फेला पार्न नसकेको हुनाले नरेशलाई हत्याको आरोप नलगाएर ममताको लाश बेपत्ता पारेको अभियोगमात्र लगाएको छ।

चार महिना बितिसक्दा पनि ममता काफ्लेको लाश फेला पर्न सकेको छैन। नरेशलाई हिरासतमै राख्ने अथवा जमानतमा रिह ागर्ने भन्ने विषयमा अदालतमा बहस भइरहेको छ। प्रहरीले ममताको शव बेडरुमबाट बाथरुमसम्म घिसारेर लगेको हुनसक्ने बताएपनि एकिन प्रमाण फेला पर्न सकेको छैन। नरेशले विभिन्न झोला बोकेर हिंडिरहेको सिसी क्यामेरा फुटेजमा देखिएको हुँदा नरेशले ममतालाई टुक्रटुक्रा पारेर झोलामा हाली विभिन्न ठाउँमा लगेर फालेको हुनसक्ने प्रहरीले शंका गरेपनि यथेष्ठ प्रमाणका अभावमा उसलाई ममताको हत्याको दोषी करार गर्न सकेको छैन। ममताको लाश बेपत्ता पारेकोमात्र नरेशमाथि अभियोग लगाइएको छ।

नरेशका वकीलहरुले पछिल्लो अवस्थामा पनि हत्या गरेका ठोस प्रमाण प्रहरीले पेश गर्न नसकेको हुनाले नरेशलाई जमानतमा नरेशलाई छाड्नुपर्ने जिकिर गरेपनि न्यायधीशले नरेश भट्टलाई जमानतमा छाडेमा निजबाट समाजमा घातक अपराध हुनसक्ने हुनाले हिरासतमा राखेर अनुसन्धान प्रकृया अगाडि बढाउनपर्ने बताएका छन्। न्यायधीशहरुले नरेशलाई जमानतमा छाड्ने हो भने उनी भाग्नसक्ने जोखिम हुनाले पनि हिरासत मुक्त पार्न नसकिने जनाएका छन्।

नरेशले धेरै ठाउँमा लगेर ट्र्यास ब्यागहरु फालेको , अनि यस ठाउँको फोहोर कहिले उठाइन्छ भनेर सम्बन्धित ठाउँमा बारम्बार फोन गरेको देखिन आउँदा नरेशले ममतालाई घरमै मारेर लाशलाई बाथटबमा लगी टुक्राटुक्रा पारेर तिनै ब्यागमा पोका पारी विभिन्न ठाउँमा पुर्‍याएर फोहोर फ्याक्ने ठाउँमा हालेको हुनसक्ने पनि बलियो आशंका गरिएको छ।

मानिसमा स्वभावैले दया,माया,प्रेम ,सेवा, परोपकार , धर्म ,सहानुभूति आदि मानवोचित गुण हुन् , तर आजको संसारमा मानिस किन यति क्रूर हुँदै गएको छ ? आफूलाई प्राणभन्दा बढी माया गर्ने पत्नीलाई त्यसरी पनि हत्या गर्न सक्छ ? यो मानिसको स्वभाविक गुणभन्दा बिरुद्ध भएन ? बौद्धिक जगत्मा वर्तमानको उठेको गम्भीर प्रश्न हो यो।

ममतालाई नरेशले हत्या गरेर एकवर्षकी छोरीलाईचाहिं किन हत्या गरेन होला? भनेर पनि प्रश्न उठ्ने गरेको पाइन्छ। छोरी साथमा भएका खण्डमा उसलाई पुर्‍याउने निउँमा भाग्न सहज हुने सोचविचार गरेर पनि छोरी जीवित रहन सकेकी हुन् नत्र उसले पहिले नै छोरीको पनि हत्या गर्ने थियो भन्ने धेरैले आशंका गरेको देखिन्छ।

निकै लामो समयपछि गलैंचा र अन्य ठाउँमा लागेर केमिकल प्रयोग गरी पुछपाछ पारिएको रगत ममताको रगतसित मेल खाएको डिएनए परीक्षणबाट पुष्टि भएपछि स्थानिय प्रहरीले नरेश भट्टलाई ममताको हत्या गरेको अभियोग लागाएको छ। उता नरेशका वकीलहरु भने उक्त रगतलाई ममताको महिनावारी हुँदाको अवस्थामा झरेको रगत हुनसक्ने भनी नरेशलाई अभियोग मुक्त पार्न दिलोज्यानले लागिपरेका छन्। तर प्रहरीले विविध दसी प्रमाणहरु संकलन गर्ने काम गरिरहेको हुँदा वास्तविक अपराधी उम्किन सक्ने अवस्था टर्दै गएको छ।

मनोवैज्ञानिकहरुको के धारणा छ भने सानैदेखि संवेगात्मक विकृति भएका, अपराधी मानसिकताले भरिएका , पारिवारिक पृष्ठभूमि अपराधका जगमा उठेका व्यक्तिबाट यस्तो जघन्य अपराध हुनसक्ने बताउँछन्। त्यसैले आफ्ना परिवारमा बालबालिकालाई मायालु वातावरणमा, उनीहरुका जिज्ञासाहरुप्रति सकारात्मक भाव राखी उचित बाटामा डोर्‍याउने वातावरण बनाउन आवश्यक छ। परिवारमा हुने कलह, झैझगडा, द्वेष र ईर्ष्या आदिका कारणले पनि मानिस अपराध कर्ममा अगाडि सर्नसक्ने हुनछ।

बालबालिकाहरु निर्दोष हुन्छन्। उनीहरु हुर्कने क्रममा कस्ता मानिसका संगतमा पुगेका हुन्छन् तिनै मानिसहरुको संगतले उनीहरुको ज्ञान , सीप र धारणमा सकारात्मक अथवा नकारात्मक परिवर्तन आउन थाल्छ। लियोनार्दो दा भिन्चीले मिलान नामक सहरको एउटा चर्चका भित्तामा जिसस क्राइस्टले मृत्यदण्ड पाउनुभन्दा अघिल्लो रात आफ्ना १२ जना चेलाहरुसित बसेर भोज खाँदै गरेको दृश्य देखाइएको छ।

भिन्चीले त्यहाँ जिसस क्राइस्टको अनुहारको तस्बीर बनाउन एकजना बालकलाई चर्चको भित्ता नजिक लगेर उनको अनुहार हेर्दै धर्मगुरु जिसस क्राइस्टको चित्र बनाएका थिए। उनले त्यस्ते विभिन्न समाजका प्रतिष्ठित , जनप्रिय मानिसहरुलाई लगेर अन्य चेलाहरुको अनुहार बनाएका थिए। लियो नार्दो दा भिन्चीले अरु त सबैको अनुहारको चित्र बनाए तर जुडासको चित्र बनाउन सकेनन्। जुडास जस्तो नीच अपराधी जसले तीसवटा चाँदीका सिक्क्कामा राल चुहाएर लुकेर बसेका आफ्ना धर्मगुरु जिसस क्राइस्ट यहाँ छन् भनी प्रहरीलाई खबर गरेको थियो।

त्यस्ता क्रूर अपराधीको अनुहार कस्तो बनाउने भनेर भिन्चीले तीसौ वर्षसम्म अपराधी कैदीहरु भएका अनेकौं झ्यालखानाहरुको निरीक्षण गरे तर उनले जुडाससित मिल्ने अनुहार भेट्न सकेनन्।

त्यसैले जुडासको अनुहार नबनाएर त्यो विश्वप्रसिद्ध अन्तिम रात्रिभोज नामक चित्र अधुरो रहनेभयो भनेर धेरैलाई चिन्ता र चासो भइरहेको थियो। त्यसैबीच भिन्ची एकदिन सडकमा हिंडिरहेका बेला एकजना मानिसलाई देखे। उनको कल्पनाको जुडास उही थियो। त्यस मानिसलाई भिन्चीले अनुरोध गरेर त्यही चर्चसम्म लगे , अनि उनलाई एउटा मेचमा राखे। भिन्चीले त्यही व्यक्तिको अनुहार हेरेर जुडासको अनुहार बनाए। त्यो मानिस एक्कासि रुन थाल्यो। भिन्चीले सोधे "तिमी किन रोएका?"

त्यस मानिसले जवाफ दियो "म सानै छँदा तपाईंले मलाई यही ठाउँमा ल्याएर मेरो अनुहार हेरेर जिसस क्राइस्टको अनुहार बनाउनु भएको थियो, आज म जुडास हुन पुगेंछु। यो सबै मेरो आफ्नै कुकर्मको फल हो।" हरेक बालबालिका देवता हुन्छन् तर विविध कारणले उनीहरु कालान्तरमा देवता हुन पनि सक्छन् दानव हुन पनि सक्छन्। यस कथाबाट पनि हरेक बालबालिकाका अभिभावक सचेत र सावधान हुन सक्नुपर्दछ कि उनीहरुका सन्तान जुडास र नरेश भट्ट नबनून , घर , समाज , राष्ट्र र अन्तराष्ट्रिय जगत्मा महत्वपूर्ण योगदान गर्न सक्ने व्यक्ति बनून्।


घर , समाज , विद्यालय र परिवेश सुधारेर भविष्यमा आदर्श नागरिक उत्पादन गर्ने काममा सबैले आआफ्नना ठाउँबाट योगदान दिन बेलैमा सचेत बनौं। ताकि जुडास र नरेश भट्टका बाटामा भोलि कोही नलागून्।

*(डीसि नेपालबाट साभार)*

# Was the Tirupati Balaji Temple an Old Buddhist Temple ?

The Book titled *"Tirupati Balaji was a Buddhist Shrine"* by Dr. K. Jamanadas presents a detailed argument that the Tirupati Balaji Temple, a significant Hindu shrine today, was originally a Buddhist temple. Below is a summary and analysis based on the key points from the eBook:

**1. Historical Context:**





- The book outlines the historical conflict between Buddhism and Brahmanism (early Hinduism), emphasizing that Buddhism was once widespread in India before a Brahmanical resurgence led to the decline of Buddhism. This period saw many Buddhist shrines and temples being appropriated and converted into Hindu temples.

**2. The Claim that Tirupati Balaji Was a Buddhist Shrine:**

- The central claim of the book is that the Tirupati Balaji Temple, now dedicated to Lord Venkateswara, was originally a Buddhist site. The author argues that the deity worshipped in the temple today, which is identified with Vishnu, was originally a Buddhist figure, likely the Bodhisattva Padmapani.

**3. Evidence and Arguments:**

- **Iconography:** The physical characteristics of the idol at Tirupati are compared with Buddhist images. The author notes that the Murthi (idol) in the temple does not conform to traditional Vishnu images but bears a resemblance to Buddhist iconography, particularly to Padmapani.
- **Historical Records:** The book references historical records and interpretations suggesting that the temple area was inhabited by Buddhists and that many customs and rituals now associated with the temple have roots in Buddhist practices. For instance, the tradition of tonsuring at Tirupati is argued to be a relic of Buddhist traditions.
- **Lack of Traditional Hindu Attributes:** The author points out that several features typically associated with Hindu temples and deities are absent in the case of Tirupati. For example, the temple does not have family deities (parivar devatas), which is unusual for a temple of its significance.




- **Rathayatra and Other Traditions:** The annual Rathayatra (chariot festival) at Tirupati is also claimed to be of Buddhist origin, with parallels drawn to similar practices in Buddhism.

**4. Cultural and Religious Amalgamation:**

- The book argues that as Buddhism declined, Brahmins adapted many Buddhist sites and practices into the Hindu fold, often reinterpreting or rebranding them as Hindu. This process was not unique to Tirupati but was part of a broader pattern seen across India, where many Buddhist temples were converted into Hindu temples.

**5. Conclusion of the Book:**

- Dr. Jamanadas concludes that the Tirupati Balaji Temple's origins lie in a Buddhist shrine that was later adapted for Hindu worship. He asserts that the current Hindu traditions and worship practices at the temple are a result of centuries of religious and cultural amalgamation, where Buddhist elements were incorporated into Brahmanism.

**Analysis:**

The Book provides a compelling argument backed by historical analysis, iconographic studies, and interpretations of religious practices. The author's claims are supported by references to other similar cases where Buddhist sites were converted into Hindu temples. While this view is controversial and challenges the traditional understanding of the Tirupati Balaji Temple's origins, it highlights the complex and intertwined history of religions in India.

In answering whether the Tirupati Balaji Temple was originally a Buddhist shrine, the Book suggests that it indeed was, based on the evidence and analysis presented. However, the subject remains debated among scholars, with opposing views holding that the temple has always been a Hindu shrine.

The conclusions drawn in the eBook offer an alternative perspective on the history of one of India's most famous temples, challenging readers to reconsider the origins and evolution of religious practices at Tirupati. (Quaro)






कौशलकुमार भट्टराई कृष्ण लम्साल पिएमणि भट्टराई हरि शरण जमकटेल

प्रधान–सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## सम्पादकीय.................

# कपडाको पुनर्प्रयोगले प्रदूषण कम

काठमाडौं महानगरपालिकाले कपडा बैंक सञ्चालन गरी आवश्यक पर्नेलाई निःशुल्क वितरण गर्ने भएको छ। महानगरपालिकाको स्वर्णिम योजनाअन्तर्गत यसका लागि कार्यविधि तयार गर्ने काम भइरहेको छ। आगामी पुसभित्र कार्यविधि तयार गरी कपडा बैंक सञ्चालनमा ल्याउने तयारी महानगरले गरेको छ। महानगरका ३२ वटै वडामा कम्तीमा एक-एक कपडा सङ्कलन केन्द्र राखिने तयारी महानगरले गरेको छ। वडामा सङ्कलित कपडाका लागि महानगरपालिकाले मर्मत केन्द्र तयार गर्नेछ। त्यस केन्द्रमार्फत जम्मा भएका कपडालाई वर्गीकरण गरिनेछ। कतिपयलाई मर्मत गरी प्रयोगयोग्य बनाउने, मर्मतपछि पनि प्रयोग गर्न नमिल्लेलाई महानगरपालिकाले सिरक, डसना बनाउने छ। सामान्य मर्मत वा मर्मत नै नगरी प्रयोग गर्न सकिनेलाई सोहीअनुसार प्याकिङ र वितरण गर्ने तयारी रहेको महानगरपालिकाका सामाजिक विकास विभागले गरेको छ।यसरी तयार गरिएका सामग्री महानगरपालिकाले आवश्यक भएका व्यक्तिलाई निःशुल्क वितरण गर्ने सोच बनाएको छ।

यसरी जनताले प्रयोगमा नल्याउने वा ल्याउन नमिल्ने खालका कपडालाई कपडा बैंकमा धुल्याउने कार्य गरिने योजना छ। प्रयोगविहीन कपडाको प्रयोग बढ्नुका साथै कपडाजन्य बस्तुबाट हुने वातावरण प्रदूषणमा कमी आउने विश्वास पनि महानगरपालिकाले गरेको छ। यसको प्रयोगका लागि कार्यविधि बनाउने तयारी महानगरपालिकाले गरेको छ। यस कार्यक्रमका लागि महानगरपालिकाले चालु आर्थिक वर्षमा ५० लाख विनियोजन गरेको छ। यसरी प्रयोगविहीन अवस्थामा राखिएका कपडाको पुनर्प्रयोगका लागि काठमाडौं महानगरपालिकाले थालेको यो प्रयासलाई सकारात्मक रुपमा लिन थालिएको छ।

महानगरपालिकाको यो कार्य सफल भएका खण्डमा यसले विभिन्न पाटोका लागि मार्गप्रशस्त गर्ने अवस्था आउने देखिएको छ। पहिलो कुरा त घरघरमा थुप्रिएका कपडाहरु पुनर्प्रयोगका लागि कपडा बैंकमा पुग्नेछन्। प्रयोग गर्न मिल्ने खालका कपडाहरुको पुनर्प्रयोग किन्न नसक्नेहरुले गर्न सक्नेछन्। यसैगरी किन्न सक्नेहरुका लागि घरमा थुप्रिएका कपडाको सट्टामा नयाँ कपडा किन्नकालागि ठाउँ खाली हुनेछ। उता, पुनर्प्रयोगका लागि प्रयोग हुने मेसिन तथा जनशक्तिका कारण रोजगारीमा समेत वृद्धि हुनेछ। यसैगरी प्रयोग गर्न नमिल्ने खालका कपडाहरुलाई धुल्याएर सिरक, डस्ना जस्ता बस्तुहरु बनाउन सकिने अवस्था आउने देखिन्छ। यो बेला न्यानोका लागि पनि किन्न नसक्नेहरुले त्यसलाई प्रयोगमा ल्याउन सक्नेछन्। यसरी यो कार्यबाट नसक्नेहरुका लागि बरदानको काम गर्नेछ भने सक्नेहरुकालागि पनि समाजसेवाको कार्य गर्न प्रेरणा मिल्ने देखिन्छ। उता, विश्वव्यापी रुपमा वातावरणीय प्रदूषणको चाप परिरहेको छ। यो बेला प्रदूषण बढ्ने गरी कपडाको दुरुपयोग हुनुभन्दा प्रयोग हुने गरी पुनर्प्रयोग गरिएका खण्डमा त्यसले प्रदूषणलाई पनि रोक्ने अवस्था आउने छ। यसैगरी प्रदूषण रोक्ने वा कम गर्ने अन्य खालका गतिविधिहरु पनि महानगरपालिकाको पहलमा हुनु आवश्यक छ। यसैगरी यस्ता खाले रचनात्मक कार्यहरुलाई सरोकारवाला सबैले साथ दिनु आवश्यक देखिएको छ। नेपालमा कसैले राम्रो कार्य गर्न खोजेका खण्डमा पनि त्यसको विरोध नै गर्ने परम्परा रहेकाले त्यस विपरित राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो भन्ने आँट सबैले गर्नुपर्ने आजको आवश्यकता हो।

# नेपालमा असल शासनको आवश्यकता तथा महत्व – समस्या र सुझाव

*सुशासन सुनिश्चितताको आधारभूत सर्तको रुपमा मानिएको पारदर्शिता, निष्पक्षता, सहभागिता, समावेशिता, मितव्ययिता, जवाफदेहिता, दूरदर्शिता आदिको चुस्त ब्यवस्थापनलाई लिइन्छ। सुशासनका यी आधारभूत सर्तहरुको प्रवर्द्धनका लागि विद्युतीय सूचना विधिको अहम् भूमिका रहन्छ। सरकारी निकायको सेवा प्रवाहमा मात्र नभएर व्यक्तिगत जीवनलाई सहज बनाउन पनि सूचना प्रविधिको ज्ञान र सीप अपरिहार्य भइसकेको छ। सरकारी निकायमध्ये सेवाग्राहीको बढी चाप हुने कार्यालयहरु मालपोत, यातायात, वैदेशिक रोजगार आदिमा ई–सेवाको सुविधाको विस्तार गरे पनि भरपर्दो छैन। प्राय भइरहने सर्भर डाउन, विद्युत् अवरोधका कारण सेवा अवरोध हुने गरेको छ।*



– गम्भीर बहादुर हाडा
सह–प्राध्यापक, अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस

सत्तरीको दशकको मध्यबाट जब विश्वमा प्रजातन्त्रको लहर प्रारम्भ भयो। त्यसै बेलादेखि सुशासनको अवधारणाले लोकप्रियता पाउन थालेको हो। सूचनाक्रान्तिले एकातिर मानवको सामाजिक अस्तित्वलाई चिन्तनधाराको केन्द्रविन्दुमा ल्यायो भने अर्कोतिर प्रतिनिधिमूलक प्रजातन्त्रका सीमाहरु पनि प्रष्ट पारिदियो। वास्तवमा प्रतिनिधिमूलक भनिएको परिपाटीले राज्य र समाजको तल्लो तह तृणमूल तह ९न्चबककचयत भिखभा० का जनताका बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्न सकेन। परिणामस्वरुप विकासोन्मुख मुलुकहरुमा प्रतिनिधिमूलक प्रजातन्त्र (Representative democracy) को ठाउँले विस्तारै-विस्तारै सहभागितामूलक प्रजातन्त्र (Participatory democracy) ले लिन थाल्यो। विकासोन्मुख राष्ट्रहरुमा राजनीतिक संस्थाहरु संस्थाकरण भइनसकेको कारणबाट सरकारी संयन्त्रहरु, कर्मचारीतन्त्र, व्यवस्थापिका, कार्यपालिका, अदालत आदि निकायहरु सम्भ्रान्त व्यक्तिकरण (Highly personalized) र वंशाणुगत सर्वसत्तावाद (Heridity authorizationism) कोशिकार भएका छन्। शासकहरु निर्वाचित हुनु अघि ठूला-ठूला वाचा गर्दछन्, प्रतिबद्धता जाहेर गर्दछन् तर जितेर सरकारमा गएपछि आफ्नो राजनीतिक शक्तिलार्य व्यक्तिगत स्वार्थमा दुरुपयोग गर्छन्। चुनाव जितिन्छ, सरकार बन्छ, प्रतिपक्ष बन्छ, बजेट बन्छ, संसद चल्छ, तर यी सबै काम कुरा निरन्तर रुपले नियमित चलिरहँदा पनि जनताका चाहना र विकासका कार्यसूचिहरु एचित ठाउँबट सम्बोधन गरिँदैनन्। प्रजातन्त्रले जनतालार्य बलियो बनाउनुपर्ने, शक्तिशाली बनाउनुपर्ने, सशक्तिकरण गर्नुपर्ने तर व्यवहारमा झन्-झन् कमजोर बन्दैजाने, निरीह बन्दै जाने प्रक्रिया सुरु भयो। यसै गतिरोध तोड्न सुशासनको अवधारणा विकास भयो।

सुशासनको अवधारणालाई अझ प्रष्ट रुपमा बुझ्नका लागि विभिन्न विद्वान् विचारलाई उल्लेख गर्नु र विकास प्रयासमा संलग्न अन्तर्राष्ट्रिय संस्थाहरुको विचारलाई उल्लेख गर्नु आवश्यक हुन्छ। एकथरी विद्वान्हरुले बजारसंयन्त्रद्वारा विस्थापित गरिएको पुरानो अवधारणाका रुपमा विश्लेषण गर्छन्। अर्कोथरी विद्वान् यसलाई सरकारी र गैर-सरकारी एवं अन्य नागरिक समाजबीचका अन्तरक्रियालाई व्यवस्थापन, गर्ने कलासम्म स्वीकार्दछन्। तर विकासशील मुलुकका समस्याहरुसँग सरोकार राख्ने कतिपय विद्वान सार्वजनिक वस्तु र सेवाको निरन्तरताका लागि सुशासन जरुरी छ भन्ने मान्दछन्। सुशासनको अवधारणा सन् १९८० को दशकको उत्तरार्धमा देखिएको "राज्यको आधुनिकीकरण" सम्बन्धि विश्वव्यापी आग्रहसँग सम्बन्धित छ। सुशासन शब्द सन् १९९० को दशकपछि अचानक प्रयोगमा ल्याइएको हो। यो शब्द व्यापक रुपले प्रयोगमा सन् १९९० पछि आएता पनि यो शब्दावली नयाँ भने होइन। सुशासनको अवधारणा राज्य संचालन इतिहास जत्तिकै पुरानो मानिएको छ। सुशासनको अवधारणा पश्चिमी देश तथा दातृ संस्थाहरुद्वारा तेश्रो विश्वका देशहरुको शासन व्यवस्थामा सुधार ल्याउनेप्रयोजनका लागि सहायता सर्तको रुपमा अघि सारिएको हो। विश्व बैंकले सुशासनको सम्बन्धमा अघि सारेका व्यवस्थाहरुमा भविष्यदर्शि, खुल्ला र शिक्षाप्रद नीतिनिर्माण, व्यवसायिक कर्मचारीतन्त्रको विकास, पारदर्शी र जनउत्तरदायी सरकार, सशक्त र सहभागितामा आधारित नागरिक समाज र कानूनको शासन मुख्य हुन्। सुशासन असल सरकारसँग सम्बन्धित छ यस अवधारणा अनुसार सार्वजनिक क्षेत्रको समष्टिगत कार्यक्षमता तथा प्रभावकारिता अभिबृद्धि गरी मुलुकको अर्थ व्यवस्थालाई सबल पुर्‍याउनु यसको मूल उद्देश्य रहन्छ।

राज्य व्यवस्थाको शुरुवात नै कल्याणकारी व्यवस्थाका लागि भएको हो। प्राचीन ऋषीमुनीहरूले पनि आफ्नो चिन्तनको एउटा पक्ष कसरी प्रजाजनलाई सुखी राख्न सकिन्छ भन्नेमा केन्द्रित गराएका थिए। सुशासनको अवधारणालाई खासगरी वाल्मिकीय रामायण, महाभारतको शान्तिपर्व, शुक्रनीति तथा अन्य ग्रन्थहरूमा उल्लेख गरेको पाइन्छ। राजनीतिशास्त्रका प्रकाण्ड विद्वान कौटिल्यले जनताको खुशीनै राजाको खुशी तथा जनहित नै राजहीत भनेका छन्।

संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमको कार्यपत्रमा भनिएको छ – "शासन भनेको राष्ट्रको सार्वजनिक मामिलाको व्यवस्थापनका लागि राजनीतिक शक्तिको प्रयोग हो।"रविन्सको विचारमा –"शासन भनेको विविध संस्थात्मक प्रसंगमा शक्तिको प्रयोग हो, जसको उद्देश्य नागरिक, मतदाता र कामदारका रुपमा रहेका जनताका हितसम्बन्धी क्रियाकलापहरुको निर्देशन, नियन्त्रण र नियमन गर्नु हो।" टमक बिर्सटेकर भन्दछन् –"शासन भनेको अनिवार्य रुपले उद्देश्यमूलक हुन्छ र यसलाई सचेत उद्देश्य या अभिप्राय नचाहिने व्यवस्थाभन्दा भिन्न ठान्नुपर्छ। शासनबिना पनि व्यवस्था अस्तित्ववान् हुनसक्छ तर शासनका लागि केही हदसम्मको व्यवस्था चाहिन्छ।सुशासनको अवधारणा पश्चिमी देश तथा दातृ संस्थाहरुबाट तेस्रो विश्वका देशहरुको शासन व्यवस्थामा सुधार ल्याउने प्रयोजनका लागि सहायक सर्त (Aid condo nationality) को रुपमा अघि सारिएको देखिन्छ। यी दातृसंस्थाले शुरुमा वैदेशिक सहायताको प्रयोगको शर्त खुला प्रतिस्पर्धी एवं बजारमूखी अर्थ व्यवस्थाको प्रबन्ध गर्न शासन व्यवस्थामा सुधार ल्याउन सहयोग गर्नका लागि यो अवधारणा अघि सारिएको हो। त्यसपछि गैर-सरकारी, नीजिक्षेत्र तथा नागरिक समाज समेतको सहभागिताबाट मात्र विकासोन्मुख राष्ट्रको सर्वाङ्गीण विकास गर्न सकिन्छ भन्ने अवधारणाको रुपमा सुशासनलाई चर्चा गरियो।

**सुशासनका सूचकहरुमा** १) विश्व बैंकका अनुसार : आवाज तथा उत्तरदायित्व र अहिंसा, राजनीतिक स्थायित्व र अहिंसा, सरकारको प्रभावकारिता, व्यवस्थापकीय गुणस्तर, विधिको शासन, भ्रष्टाचार नियन्त्रण।

**डा.टोकराज पाण्डे**, २०७६ **का अनुसार** : (१) नागरिकको प्रत्यक्ष सहभागितामा, जनसहभागितामूलक शासन व्यवस्था २. जनताप्रति प्रत्यक्ष उत्तरदायी सरकार सञ्चालन, समग्र शासन प्रक्रियामा पारदर्शिता अवलम्बन, विधि, पद्धति र कानुनमा आधारित शासन व्यवस्था, सरोकारवालाप्रति जवाफदेहीता शासन सञ्चालन, निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता प्रशासनको सरलीकरण र जनमुखी सेवा प्रवाह, सामाजिक न्याय र समावेशीतामा आधारित समाज निर्माणमा जोड, आर्थिक अनियमितता र भ्रष्टाचार रहित समाजको परिकल्पना, राज्यका सबै क्षेत्रमा दण्डहिनताको अन्त्य र कानुनको परिपालना, आर्थिक रुपमा वित्तीय जवाफदेहीता प्रवर्द्धन, निष्पक्ष, जनमुखी र स्वतन्त्र प्रेसको व्यवस्था।

सुशासन सुनिश्चितताको आधारभूत सर्तको रुपमा मानिएको पारदर्शिता, निष्पक्षता, सहभागिता, समावेशिता, मितव्ययिता, जवाफदेहिता, दूरदर्शिता आदिको चुस्त ब्यवस्थापनलाई लिइन्छ। सुशासनका यी आधारभूत सर्तहरुको प्रवर्द्धनका लागि विद्युतीय सूचना विधिको अहम् भूमिका रहन्छ। सरकारी निकायको सेवा प्रवाहमा मात्र नभएर व्यक्तिगत जीवनलाई सहज बनाउन पनि सूचना प्रविधिको ज्ञान र सीप अपरिहार्य भइसकेको छ। सरकारी निकायमध्ये सेवाग्राहीको बढी चाप हुने कार्यालयहरु मालपोत, यातायात, वैदेशिक रोजगार आदिमा ई–सेवाको सुविधाको विस्तार गरे पनि भरपर्दो छैन। प्राय भइरहने सर्भर डाउन, विद्युत् अवरोधका कारण सेवा अवरोध हुने गरेको छ। तत्काल सेवा सुचारु गर्ने दक्ष जनशक्ति तथा सामग्रीको अभावका कारण सेवाग्राहीले दुःख पाउने गरेको जगजाहेर नै छ। सुशासनका प्रमुख आधार पारदर्शिता, सहभागितामूलक निर्णय प्रक्रिया, यसको लागि सूचना प्रविधिबाट सुसज्जित जनशक्ति पहिलो प्राथमिकतामा पर्दछ। सूचना प्रविधिसम्बन्धी नवीन ज्ञान र सीपबाट सुसज्जित भएका र पेसाप्रति समर्पित दक्ष जनशक्तिबाट मात्र सूचना प्रविधिमैत्री प्रशासनको परिकल्पना पूरा हुन्छ। अहिलेको बद्लिँदो परिवेशमा 'पेपरलेस ई–गभरनेन्स' समयको माग हो। सूचना प्रविधिको प्रयोगबाट सेवामा सहज पहुँच, गुणस्तरमा बढोत्तरी, ब्यवसायमा अभिबृद्धि हुन्छ। कम्प्युटरको प्रयोगबाट सूचना संकलन गर्ने, प्रशोधन गर्ने, प्रयोग गर्ने, सञ्चार गर्ने र सुरक्षित सञ्चय गर्नेजस्ता महत्वपूर्ण कामहरु छिटो छरितो रुपमा सम्पन्न गर्न सहज हुन्छ। टेलिकम्प्युटिंग, सोसियल मिडिया र ई–एक्टिभिटी जस्तै : ई–गभर्नेन्स, ई–हेन्थ, ई–लर्निंग, ई–सपिंग, ई–पेमेन्ट तथा ई–विडिंगजस्ता कामहरु लोकप्रिय रुपमा विस्तार हुँदै गएका छन्। आजको एक्काईसौं शताब्दीमा विश्व श्रमबजारमा खरो प्रतिस्पर्धा गर्ने सचेत र सशक्त नागरिक उत्पादन गर्न सूचना र प्रविधिमा आधारित कम्प्युटर शिक्षा प्रदान गर्ने नीति तथा रणनीति अवलम्बनमा विलम्ब गर्नु हुँदैन। समयको मागअनुसार सूचना प्रविधिबाट सुसज्जित दक्ष जनशक्ति उत्पादन गर्न शिक्षण संस्थाहरु सक्षम र समर्पित हुनुपर्दछ।

**आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार** यस आर्थिक वर्षमा **शासकीय सुधार कार्यक्रम अन्तर्गत** सङ्घीय निजामती सेवा कानुन यसै अधिवेशनबाट पारित गरी कार्यान्वयन गरिने कार्यक्रम राखिएको छ। राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउन, काममा उत्प्रेरित गराउन, सेवा सुरक्षा, संरक्षण र अनुमानयोग्य सरुवा बढुवा प्रणाली सुनिश्चित गरिने कार्यक्रम राखिएको छ। सार्वजनिक क्षेत्रमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवाप्रवाहलाई थप सुदृढ गरिने कार्यक्रम राखिएको छ। ई गभर्नेन्सको माध्यमबाट सार्वजनिक सेवालाई मुहाररहित, कागजरहित र सम्पर्करहित बनाई गुणस्तर अभिवृद्धि गरिने कार्यक्रम राखिएको छ। सेवाग्राही र सेवाप्रदायकबिच नियमित संवादमार्फत सम्पादित कामको विषयमा सेवाग्राहीको पृष्ठपोषण लिन, गुनासाको तत्काल सम्बोधन गर्न र कार्यसम्पादनमा सुधार ल्याउन सेवाग्राहीसँग कार्यक्रम सञ्चालन गरिने कार्यक्रम राखिएको छ। भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिइने उल्लेख छ। भ्रष्टाचारको दृष्टिले उच्च जोखिमका क्षेत्र पहिचान गरी नियन्त्रणका लागि एकीकृत रूपमा प्रवर्धनात्मक, निरोधात्मक तथा उपचारात्मक उपाय अवलम्बन गरिने कार्यक्रम राखिएको छ।

सार्वजनिक प्रशासनको संरचनागत, कार्यात्मक र व्यवहारगत सुधार एवं सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्धन गरिने कार्यक्रम राखिएको छ। आगामी आर्थिक वर्ष सार्वजनिक उत्तरदायित्व र स्वार्थको द्वन्द्वसम्बन्धी कानुन तर्जुमा गरिने नीति लिइएको छ। सूचना प्रविधिको अधिकतम उपयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्धन गरिने नीति लिइएको छ। साथै बजेटका पाँच रुपान्तरणकारी क्षेत्र देहायबमोजिम रहेका छन्: कृषि क्षेत्र रुपान्तरण, ऊर्जा क्षेत्र विकास, सूचना प्रविधि विकास, पर्यटन प्रवर्धन र उद्यमशीलता र औद्योगिक विकास।

# कुमारी बैंकद्वारा कीर्तिपुरमा उद्यमी प्रशिक्षण कार्यक्रम सम्पन्न

काठमाडौं। युएसएडसँगको साझेदारीमा 'देशै भरि वर्षै भरि' उद्यमशिलता विकास एवं प्रवर्द्धनका लागि नियमितरुपमा उद्यमी प्रशिक्षण अभियान सञ्चालन गरिरहेको कुमारी बैंकले महिला सशक्तिकरण केन्द्र कीर्तिपुरसँगको समन्वयमा कीर्तिपुरमा महिला उद्यमी प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ।वित्तीय ज्ञान, सिप, मनोबृद्धि तथा व्यवहार विकासबाट मात्रै व्यवहारिकरुपमा उद्यमशिलता प्रवर्द्धन तथा विकास हुने विश्वास लिएको कुमारी बैंकले यस अभियानमा सर्वसाधारणहरुको विषयगत संवेदनशीलतालाई सहजै बुझ्न सकिने गरि वित्तीय उद्यमी प्रशिक्षण, वित्तीय साक्षरता पुस्तिका, कुमारीजी एप, राष्ट्रियस्तरमा ख्यातिप्राप्त कलाकारहरुको अभिनय सहितका सन्देशमुलक भिडियोहरु, सचेतनामुलक सन्देशहरु विकास गरि नियमितरुपमा प्रकाशन तथा प्रशारण समेत गरिरहेको छ।

उद्यमी प्रशिक्षणबाट हरेक स्थानिय निकायमा रहेका उद्यमी सोचहरुको प्रवर्द्धन तथा विकासमा टेवा पु-याउदै आर्थिकरुपमा समृद्ध परिवार, समाज तथा राष्ट्र निर्माणमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ।

# निरन्तर सामाजिक उद्यमशीलताको विकासमा नबिल बैंक



काठमाडौं । नबिल बैंकले सामाजिक उद्यमशीलता विकासमा निरन्तर आफ्ना कार्यक्रमहरू सञ्चालन गरिहने क्रममा सोही अभियानअन्तर्गत नबिल स्कुल अफ सोसियल इन्टरप्रेनरसिप (नबिल एसएसई)ले चौथो ब्याचको फेलोसिप कार्यक्रम सुरु गरेको छ।

बैंकले सोमबार त्रिभुवन विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्टमा चौथो ब्याचको फेलोसिप कार्यक्रमको औपचारिक रूपमा सुरुवात गरेको हो। त्रिभुवन विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्ट (सोमटीयू) सँगको सहकार्यमा सञ्चालित यस कार्यक्रममा उद्यमी बन्न चाहने २० जनाले सहभागिता जनाएका छन्।

नबिल बैंकले सामाजिक उद्यमशीलतामा रुचि राख्ने, नवीन सोच भएका तथा उद्यमशील क्रियाकलापमा संलग्न नवउद्यमलाई आवश्यक ज्ञान र मार्गनिर्देशन प्रदान गर्ने उद्देश्य राखेर यो कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसअघि नबिल एसएसईले तीन समूहलाई उद्यमसँग सम्बन्धित तालिम प्रदान गरिसकेको छ।

चौथो चरणको फेलोसिप कार्यक्रमलाई सम्बोधन गर्दै नबिल बैंकका अध्यक्ष उपेन्द्र पौडेलले बैंक केवल निक्षेप संकलन र कर्जा लगानीमा मात्रै केन्द्रित रहँदै आएकोमा क्रमशः दायरा विस्तार गरेको बताए। उनले नबिल बैंक समाजमा उद्यमशीलता विकासमा अग्रसर भएको प्रतिक्रिया दिए।

अध्यक्ष पौडेलले नबिलले दिगो बैंकिङको अवधारणाअनुसार अन्तर्राष्ट्रिय अभ्यासलाई ध्यानमा राख्दै नेपालको सन्दर्भमा कसरी अघि बढ्न सकिन्छ भन्ने सोचका साथ यस्ता कार्यक्रम सञ्चालन गरेको बताए।

नबिल बैंकले कीर्तिपुरमा उद्यमशीलता विकासका लागि 'हव' स्थापना गर्न खोजिरहेको जानकारी दिँदै उनले विश्वविद्यालयसँग समन्वयका लागि अनुरोध गरे।

नबिल बैंकका सञ्चालक निर्वाण चौधरीले सामाजिक उद्यमशीलतामा रुचि राख्नेहरूलाई सधैँ उत्कृष्ट प्लेटफर्म नबिलले प्रदान गर्दै आएको बताए। उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका व्यक्तित्वहरूको सहयोग लिएर पनि बैंकले उद्यमशीलता क्षेत्रमा काम गरिरहेको स्मरण गराए। यस फेलोसिपमा सहभागीहरूलाई आवश्यक सबै प्रकारका सल्लाह परामर्श प्रदान गरिने उनले बताए।

नबिल बैंकका सञ्चालक चौधरीले फेलोसिप कार्यक्रमले समाजमा सकारात्मक प्रभाव पार्न थालेको भन्दै आफूहरू उत्साहित भएको प्रतिक्रिया दिए। 'नबिलले सञ्चालन गरेको नबिल एसएसई कार्यक्रममा समाजमा निकै सकारात्मक प्रभाव पारेको हामीले महसुस गरेका छौँ, तपाईंहरूसँग अहिले राम्रो पूर्वाधार नहुन सक्छ। तर, यसका लागि उचित सल्लाह र परामर्शको खोजीमा हुनुहुन्छ भने यो प्लेटफर्म एकदमै उपयोगी हुनेछ,' चौधरीले भने।

नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले उद्यमशीलता विकासमा महत्त्वपूर्ण योगदान दिइरहेको बताए। उनले 'हामीले के गर्‍यौं ?' भन्ने प्रश्नमा गर्वका साथ जवाफ दिन सकिने गरी यो कार्यक्रमको प्रभाव परेको प्रतिक्रिया दिए।

फेलोसिप कार्यक्रममा सहभागीहरूले ६ महिनाको अवधिमा १८ दिनको एक्सन-बेस्ड आवासीय तालिम लिने, एक वर्षसम्मको परामर्श सेवासमेत उपलब्ध गराइने जानकारी दिइएको छ। तीन महिनाको नबिल एसएसई सर्टिफिकेट कोर्सले सामाजिक उद्यम सञ्चालन र व्यवस्थापनका लागि आवश्यक ज्ञान तथा सीप प्रदान गर्दै आएको ज्ञवालीले बताए।

उनका अनुसार, तालिम अवधिभर सहभागीहरूले आफ्नो उत्पादनको ब्रान्डिङ, मार्केटिङ र बैंकिङका विधिहरू सिक्नेछन्। उनले भने, 'हामी व्यवसायका क्रममा आवश्यक सम्पूर्ण समाधान उपलब्ध गराउँछौँ।'

त्रिभुवन विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्ट (सोमटीयू) का निर्देशक डा. गोविन्द तामाङले नबिल बैंकको यस्तो कदमले विश्वविद्यालय र कर्पोरेट क्षेत्रले कसरी समन्वय गरेर काम गर्न सक्छन् भन्ने उत्कृष्ट उदाहरण प्रस्तुत गरेको बताए। यस्तो सहकार्यले विश्वविद्यालयलाई नयाँ पाठ्यक्रम निर्माण गर्न सहयोग पुऱ्याउने उनको विश्वास छ।

फेलोसिपका २० सहभागीमध्ये ११ जना महिला छन्। सहभागीहरू काठमाडौंका ८, ललितपुरका ३, भक्तपुरका ३ र खोटाङ, रुपन्देही, सुनसरी, तनहुँ, बाँके र अर्घाखाँचीका ६ जना रहेका छन्।

सहभागीहरूले पर्यावरणमैत्री व्यवसायजस्तै केराको फाइबरबाट कपडा निर्माण, प्राकृतिक जडीबुटीबाट सौन्दर्य सामग्री उत्पादन र विभिन्न डिजाइनका मैनबत्ती उत्पादन गरिरहेका छन्। इन्जिनियरिङ र आयुर्वेद अध्ययन गरेर व्यवसाय सुरु गरेका उद्यमीहरूको सहभागिताले कार्यक्रमलाई थप प्रभावकारी बनाएको छ। कृषि उत्पादन, गहनाको निर्माण, डिजिटल लर्निङ म्यानेजमेन्ट सिस्टम र इ-लर्निङ प्लेटफर्मको विकासमा सहभागीहरूको लक्ष्य रहेको बैंकले जनाएको छ।

बैंकले सहभागी छनोटका लागि लामो प्रक्रिया अपनाएको थियो। साउनमा खुलेको सयौँ आवेदकहरूमध्ये सम्भावना र काम गर्ने अठोट भएका व्यक्तिहरूलाई मात्र छनोट गरिएको हो।

चौथो कोहर्टका सहभागीहरूले कार्यक्रममा आफ्ना उत्पादन प्रदर्शन गरेका छन्। उनीहरूले आफ्ना उत्पादनलाई दिगो बनाउने र विस्तार गर्ने तरिकाबारे विज्ञहरूसँग सल्लाह लिनका लागि कार्यक्रममा सहभागिता जनाएको प्रतिक्रिया दिए।

नबिल एसएसई कार्यक्रम मार्फत हालसम्म ५६ जना सामाजिक उद्यमीलाई प्रशिक्षित गरिएको छ। तीमध्ये ४५ वटा उद्यम स्थापना भइसकेको नबिलले जनाएको छ। त्यस्तै, १ हजार २०० भन्दा धेरैलाई रोजगारी उपलब्ध गराइसकेको छ।

# सिटिजन्सको नेतृत्वमा ४१ मेगावाटको संखुवाखोला जलविद्युत बन्ने



काठमाडौं। सिटिजन्स बैंकको वित्त व्यवस्थापन नेतृत्वमा संखुवाखोला जलविद्युत परियोजना बन्ने भएको छ। संखुवाखोला जलविद्युत परियोजनामा सिटिजन्ससहित विभिन्न ४ बैंकले ६ अर्ब १५ करोड रुपैयाँ ऋण लगानी गर्ने भएका हुन्। ४१.०६ मेगावाट क्षमताको संखुवाखोला जलविद्युतमा सिटिजन्स बैंक, एभरेष्ट बैंक, नेपाल एसबिआई बैंक र सानिमा बैंकले ऋण लगानी गर्ने भएका हुन्। परियोजनाको अनुमानित लागत करीब ८ अर्ब २० करोड रुपैयाँमध्ये बैंकहरूले ७५:२५ को ऋणःस्वपुँजी अनुपातमा ६ अर्ब १५ करोड रुपैयाँ बराबरको ऋण लगानी गर्ने जनाएको छ।

सिटिजन्स बैंकले २ अर्ब ९० करोड, एभरेष्ट बैंकले १ अर्ब २५ करोड रुपैयाँ, नेपाल एसबिआई बैंकले १ अर्ब २५ करोड रुपैयाँ र सानिमा बैंकले ७५ करोड रुपैयाँ लगानी गर्ने सहमति भएको छ। साथै, २५ प्रतिशत स्वपुँजी प्रवर्द्धकहरूबाट जुटाइने छ। उक्त परियोजना आगामी ४ वर्षभित्र निर्माण सम्पन्न गरी विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ भने निर्माण सम्पन्नपश्चात् उत्पादित बिजुली नेपाल विद्युत प्राधिकरणको संखुवासभा स्थित सित्तलपाटी सब स्टेशनमा जोडिने छ। कम्पनीका अनुसार आयोजनाबाट हिउँदमा ७५.०४१ गिगावाट घन्टा र बर्षायाममा १६५.८८८ गिगावाट गरी बार्षिक २४०.९२९ गिगावाट घण्टा विद्युत उत्पादन हुनेछ।

प्रवर्द्धक कम्पनी गुराँस हाईड्रो लिमिटेड रं लगानीकर्ता बैंकहरूबीच वित्तीय व्यवस्थापनका लागि मंसिर २४ गते सहवित्तीयकरण कर्जा सम्झौतामा हस्ताक्षर भएको छ। उक्त परियोजना कोशी प्रदेश, संखुवासभा जिल्ला, सिलिचोङ गाँउपालिका र भोजपुर जिल्ला, साल्पा सिलिचाछो गाँउपालिकमा निर्माण हुनेछ।

सिटिजन्स बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) गणेशराज पोखरेलले सिटिजन्स बैंकले स्थापनाकालदेखि नै एकल लगानीका आयोजनामा लगानी गर्दै आएको बताए। साथै बैंकको अगुवाई, सहअगुवाई तथा अन्य बैंकहरूसँगको सहवित्तीयकरण कर्जामार्फत् जलविद्युत लगायत हरित उर्जा क्षेत्रमा लगानी गर्दै आएको उनको भनाइ छ। बैंकिङ्ग क्षेत्र एवं स्वतन्त्र उर्जा उत्पादकहरूको संयुक्त लगानीबाट धेरै आयोजनाहरुको निर्माण भई संचालनमा आएका कारण देशको समग्र उर्जा क्षेत्रको विकासमा नीजि क्षेत्रको ठूलो योगदान रहेको उनले बताए।

# विकास बैंकहरुको खुद नाफा १ अर्ब ६० करोड

काठमाडौं। चालु आर्थिक वर्ष २०८१/८२ को ४ महिनामा विकास बैंकहरूले १ अर्ब ६० करोड रुपैयाँ खुद नाफा आर्जन गरेका छन्। कार्तिक महिनासम्म विकास बैंकहरुले यस्तो नाफा आर्जन गरेको नेपाल राष्ट्र बैंकले जनाएको छ। केन्द्रिय बैंककाअनुसार यो अवधिमा ८ वटा विकास बैंकले घाटा व्योहोरदा ११ वटाले नाफा आर्जन गरेका छन्।

धेरै नाफा आर्जन गर्नेमा मुक्तिनाथ विकास बैंक अगाडी रहेको छ। मुक्तिनाथले कार्तिक महिनासम्म ४२ करोड २४ लाख रुपैयाँ खुद नाफा आर्जन गर्दा गरिमा विकास बैंकले ३६ करोड ८४ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको छ। यसैगरी, साइन रेशुङ्गा डेभलपमेन्ट बैंकले ३५ करोड ४३ लाख, लुम्बिनी विकास बैंकले २९ करोड ३७ लाख र कामना सेवा विसका बैंकले २४ करोड ७१ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको छ।

यता, सबैभन्दा धेरै घाटा व्योहोर्नेमा एक्सेल डेभलपमेन्ट बैंक रहेको छ। एक्सेलले २१ करोड ७६ लाख रुपैयाँ खुद घाटा व्योहोरेको छ। यसैगरी, सप्तकोशी डेभलपमेन्ट बैंकले ८ करोड २२ ५४ लाख, कर्णाली डेभलपमेन्ट बैंकले ५ करोड ८३ लाख, कर्पोरेट डेभलपमेन्ट बैंकले २ करोड ५८ लाख, ग्रीन डेभलपमेन्ट बैंकले १ करोड ८९ लाख रुपैयाँ खुद घाटा व्योहोरेका छन्।

# महालक्ष्मी विकास बैंकका ग्राहकलाई छुट

काठमाडौं। महालक्ष्मी विकास बैंकले स्वास्थ्य क्षेत्र, होटल तथा रेष्टुरेन्ट लगायतका संस्था तथा कम्पनीहरुसँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायसाथ ती संस्था तथा कम्पनीसँग सम्झौता गरेको छ। उक्त सम्झौता अनुसार यस विकास बैंकका ग्राहक तथा कर्मचारीका लागि लाभदायि बन्ने अपेक्षा गरिएको छ। नयाँ सम्झौता अनुसार महालक्ष्मी विकास बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्ता ग्राहकहरुले उक्त संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्तगर्न सक्ने बताइएको छ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

**महालक्ष्मी विकास बैंकका ग्राहक र कर्मचारीले छुट पाउने विभिन्न कम्पनी तथा संस्थाहरु यसप्रकार रहेका छन् :**

१ काठमाडौंको कमलादीमा रहेको स्काईवाक टावर (वन्डर्स नेपालप्रा.लि.) टावर प्रवेशमा १५ प्रतिशत छुट

२. काठमाडौंको विशालनगरस्थित चेरिस गुपको खाना तथा पेय पदार्थमा १५ प्रतिशतसम्म छुट

३. ललितपुरको सानेपास्थित अमैचामा कपडा खरिद गर्दा १० प्रतिशत छुट

४. ललितपुरको भैंसेपाटीस्थित मलाला युनिसेक्स सैलुनमा ब्युटिसियन सेवामा १० प्रतिशत छुट

यस्तो सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्ता ग्राहकहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने बैंकले विश्वास लिएको छ। साथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षात्कार गराउने उद्देश्यले बैंकले विभिन्न शाखाहरुबाट वित्तीय जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्दै आएको जनाएको छ। बैंकले हालै ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ सुविधा उपलब्ध गराउन मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै 'महालक्ष्मी स्मार्ट साथी' पनि सञ्चालनमा ल्याएको छ।

# प्रभु बैंकको सेयर बिक्रीमा

काठमाडौं। प्रभु बैंकका ठूला सेयरधनीले बैंकमा रहेको स्वामित्व घटाउने रणनीति बनाएका छन्। प्रभु बैंकका पूर्वअध्यक्ष तथा प्रतिनिधिसभा सांसद देवीप्रकाश भट्टचन परिवारले बैंकमा रहेको सेयर बिक्री गरेर विस्तारै बैंकबाट बाहिरिने रणनीति बनाएको देखिन्छ। गत वर्ष पनि पनि केही सेयर बिक्री गरेको भट्टचन परिवारले यस पटक पनि ठूलो परिमाणको सेयर बिक्रीमा राखेको छ। बैंकका ठूला सेयरधनीले नै सेयर बिक्रीका लागि राखेका छन्।

प्रभु ग्रुपको समेत लगानी रहेको बैंकमा भट्टचनका परिवारको समेत ठूलो लगानी छ।बैंकका ठूला सेयरधनी राजेन्द्र भट्टचन, शिक्षा भट्टचन, सची भट्टचन र अम्बिका शर्मा लामिछानेले बैंकको सेयर बिक्री गरेर बाहिरिने तयारी थालेका हुन्।

बैंकका अनुसार राजेन्द्र भट्टचनले १२ लाख ६९ हजार १ कित्ता, शिक्षा भट्टचनले ७ लाख ३३ हजार ७०६ कित्ता, सची भट्टचनले ६ लाख ७२ हजार ४२१ कित्ता सेयर बिक्रीमा राखेका छन्। शिक्षा भट्टचन प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सको अध्यक्ष पनि हुन्।




यस्तै, अम्बिका शर्मा लामिछानेले ५ लाख कित्ता सेयर बिक्रीमा राखेकी छन्। उनी बैंकको छैठौं ठूलो सेयरधनी समेत हुन्। बैंकका अनुसार उनको ०.६० प्रतिशत अर्थात् १४ लाख ९ हजार ५३४ कित्ता सेयर स्वामित्व छ।

यस्तै, सुनिल मान शेरचनले १९ हजार ९९२ कित्ता, शकुन्तला श्रेष्ठ प्रधानले २१ हजार ८३४ कित्ता, सरस्वती सुब्बा देवानले ३९ हजार ९५८ कित्ता र केशब तुलाधरले ३३ हजार ४०५ कित्ता सेयर बिक्रीमा राखेका हुन्।

बैंकको उक्त सेयर संस्थापक सेयरधनीले मात्रै खरिद गर्न पाउनेछन्। बैंकको सेयरमा ३५ दिनभित्र आवेदन दिनुपर्नेछ। यदि सो अवधिमा संस्थापकले आवेदन नदिए सर्वसाधारण लगानीकर्तालाई बिक्री खुला गरिने बैंकले जनाएको छ।

यस्तै, राजेश श्रेष्ठले ४३ हजार २३५ कित्ता, गोविन्द प्रसाद ज्ञवालीले १६ हजार ७०६ कित्ता, तारा प्रसाद पोखेलले १९ हजार ७०२ कित्ता, सनिदेव सप्लायर्स प्रालिले ३९ हजार ४१५ कित्ता र राजेन्द्र मान सिंह बस्नेतले १६ हजार २४३ कित्ता सेयर बिक्रीमा राखेका छन्। उक्त सेयर सर्वसाधारणले समेत खरिद गर्न पाउने छन्। बैंकको सञ्चालक समितिमा नरहेको व्यक्तिले सेयर बिक्री गर्न पाउने व्यवस्था छ। सञ्चालक समितिबाट बाहिरिएको एक वर्षमै सेयर बिक्री गर्न पाउने व्यवस्था छ।

# स्ट्यान्डर्ड चार्टर्ड बैंकको साधारण सभा सम्पन्न

काठमाडौं। स्ट्यान्डर्ड चार्टर्ड बैंकको लाभांश पारित गरेको छ। बैंकको ३८औं वार्षिक साधारण सभाले १९ प्रतिशत नगद लाभांश र ६.५ प्रतिशत सेयर लाभांश गरी कुल २५.५ प्रतिशत लाभांश पारित गरेको हो। बैंकले गत वर्ष ४.७ अर्ब रुपैयाँ सञ्चालन मुनाफा आर्जन गरेको छ। तर, ३.३ अर्ब रुपैयाँ करपछिको वास्तविक मुनाफा रहेको बैंकले जनाएको छ।




बैंकको इक्विटीमा प्रतिफल (आरओई) १९ प्रतिशत र प्रति सेयर आम्दानी ३४.७ रुपैयाँ रहेको छ। जुन बैंकिङ क्षेत्रकै उच्च हो। बैंकको अध्यक्ष जरीन दरुवालाले अन्तर्राष्ट्रिय बैंकको रूपमा नेपालको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न पाउँदा गर्व लागेको बताइन्। बैंकमा स्ट्यान्डर्ड चार्टर्ड ग्रुपको ७०.२१ प्रतिशत र सर्वसाधारणको २९.७९ प्रतिशत सेयर स्वामित्व रहेको छ।

# उद्यमीलाई नपत्याउने बैंक

शिलशिला आचार्य

मैले जुन क्षेत्र रोजेकी छु, यसमा कहिल्यै पछुतो लागेन । अहिले त झन् ममा उत्साह थपिएको छ । केही दिनअघि मात्र बीबीसीले सन् २०२४ का लागि विश्वभरबाट १ सय जना प्रेरक र प्रभावशाली महिलाको सूची सार्वजनिक गऱ्यो, त्यसमा नेपालबाट मेरो नाम पर्दा मेरो खुसीको सीमा छैन । यसले पनि मलाई थप हौसला पुगेको छ । मेरो आफ्नो नामभन्दा पनि देशको नाम अगाडि आयो भन्ने मलाई लागेको छ ।

जुन मुद्दाको लागि म लगायत हामी केही युवा लडेका थियौं, त्यो एजेण्डालाई मूल्यांकन गरेको जस्तो लागेको छ । नेपाली समाजले हेर्ने भनेको राजनीतिक अथवा निजामती कर्मचारीमा पनि ठूलो पदमा पुगेका महिलाहरूलाई हो । तर, बीबीसीले सामाजिक मुद्दा उठाएका महिलालाई अगाडि बढाएर मेरो कामको मूल्यांकन गर्दै मलाई छनोट गऱ्यो, यो नै ठूलो कुरा हो । फेरि हाम्रो समाजमा आर्थिक, सामाजिक, राजनीतिकलगायत विभिन्न विषयका मुद्दाहरू आएपनि वातावरणका मुद्दा खासै अगाडि आएको पाइँदैन ।

जबकि यो सबैको आधार भनेको वातावरण हो । वातावरण बिग्रियो हाम्रो जीवनका साथै समाज र अर्थतन्त्र पनि हुँदैन । हामीले यही कुरा बुझेर वातावरणको दिगो पक्षमा लागेका हौं । तर आजभोलि ग्लोबल्ली रूपमा यो विषयमा आवाज उठ्न थालेपछि नेपालमा पनि प्राथमिकतामा पर्दै आएको छ । हाम्रो विगतलाई हेर्ने हो भने हाम्रो जीवनशैली, हाम्रो दर्शन वातावरणसँग मिलेर बाँचेको छ । अहिले हामी यी कुराहरू बिर्सँदै गएका छौं ।

वातावरण अझै पनि प्राथमिकताको विषयमा पर्दैन । यो मात्र नभई सामाजिक क्षेत्रको विषयसमेत त्यति प्राथमिकतामा पर्दैन । अहिले हाम्रा कलेजहरूमा शिक्षा संकाय, मानविकीलगायतका विषयमा विद्यार्थी पाउन मुस्किल छ । समाजशास्त्र, मानवशास्त्रलगायतका विषय कसैले पढ्नुपर्छ भनेर पनि भन्दैन र पढ्न विद्यार्थीको पनि रुचि हुँदैन । बरु पढ्ने विद्यार्थीलाई पनि सबैभन्दा कमजोरको रूपमा हेरिन्छ ।

यी विषय पढ्दा पैसा हुँदैन, भविष्य नै छैन भन्ने तरिकाबाट हेरिन्छ । अभिभावकले पनि डाक्टर, इन्जिनियर लगायतका प्रतिष्ठित विषय पढाउन बढी जोड दिन्छन् । त्यसैले पनि म डाक्टर पढ्न छोडेर यो विषय रोजेकी हुँ । आज म डाक्टर पढेको भए यो अवसर पाउने थिइनँ । मैले जति अवसर पाएँ यही क्षेत्रमा लागेर पाएकी हुँ, यसमा मलाई आज गर्व लाग्छ । हरेक क्षेत्रमा समस्या छन् । हरेक क्षेत्रमा समस्या समाधान गर्ने मान्छे चहिन्छ ।

सबैलाई एउटै कुरा महत्त्व लाग्छ भन्ने पनि छैन, कसैलाई कुनै क्षेत्रमा जान मन लाग्छ त कसैलाई कुनै । मलाई वातावरणको क्षेत्रमा केही गर्न सक्छु भन्ने लाग्यो र यो क्षेत्र रोजें । मैले यो क्षेत्र रोज्दा बुवाआमादेखि शिक्षक आफन्तहरू सबै जना खुसी थिएनन् । धेरैले डाक्टर बन्न छोडेर यो के विषय रोजेको हो ? यो पढेर अब के गर्छौ भन्ने कुरा पनि गरे । तर मेरो इच्छा यही क्षेत्रमा केही गर्ने थियो ।

मैले कुरा सबैको सुनें तर, काम आफ्नो गरें । तर अहिले आएर सबैजना खुसी हुनुहुन्छ । मलाई देखेर धेरै साथीहरूले मेरै बाटो पनि पच्छाएका छन् । केही फरक विषय पनि पढ्दा हुने रहेछ भन्ने कुराहरू पनि अहिले आएको छ । नयाँ विषय पढ्यो भने पो नयाँ बाटो बन्छ, नयाँ काम गर्ने अवसर पाइन्छ भन्ने बुझाइ अहिले हुँदै गएको छ ।

हाम्रो समाजमा कुनै पनि निर्णय सामाजिक प्रेसरले हुन्छ । समाजको प्रेसर अभिभावकमाथि, अभिभावकको प्रेसर छोराछोरीप्रति हुन्छ । समाजले कुन करिअरलाई राम्रो मान्छ, कहाँ गयो भने बढी पैसा कमाउन सकिन्छ, कहाँ जाँदा बढी इज्जत पाइन्छ भन्ने कुरामा यी सबै कुरा हुँदै आएका छन् । हामीभन्दा पहिलेको पुस्तामा सरकारी जागिर खानसम्म मात्र पढिन्थ्यो । त्यसपछि अहिलेको पुस्तामा आफ्नो छोराछोरीलाई आफ्नो रोजाइका विषयहरू पढाउनतिर बढी लगाइयो । तर अहिले कतिपय अभिभावकले छोराछोरीका चाहनाअनुसार विषय छनोट गर्छन् भने धेरैजसो विद्यार्थी अन्य फरक विषयहरू रोजेर अध्ययन गरिरहेको पाइन्छ ।

कानुन, आइटी क्षेत्रमा पनि विद्यार्थी पढिरहेका छन् । कतिपय विद्यार्थी प्रेसरमा आफ्नो मन नभएको विषय पढिरहेका छन्, जसले गर्दा उनीहरू मानसिक दबाब झेल्न बाध्य छन् । यसमा अभिभावक र समाजको ठूलो भूमिका हुन्छ । कुनै पनि विषय राम्रो नराम्रो भन्ने हुँदैन । हरेक विषयको आ-आफ्नो स्कोप छ । हामीलाई उद्यमी पनि चाहिएको छ, किसान पनि चाहिएको छ । एउटा समाज चल्न पेशा, उद्योग सबैथोक चाहिन्छ ।

जतिबेला हामीले समाजलाई केही लाभ दिन्छौं त्यहीअनुसार हामीले पनि केही पाउँछौं । एउटा पत्रकारले कहिले कसैले नउठाएको मुद्दा उठाएर पनि समाजलाई केही दिन सक्छ । सामाजिक अभियन्ता बनेर पनि केही गर्न सकियो, वकिल बनेर राम्रो केस जिताउन सकियो, व्यापार गरेर त्यसमा रोजगारी सिर्जना गर्न सक्यो । हरेक क्षेत्रबाट कैले दिने के हो ? त्यो कसरी दिन सक्छु र त्यो दिएवापत के फाइदा हुन्छ ? भन्ने विषयमा सोच्न आवश्यक छ ।

**मैले के दिएँ**

मैले वातावरणको विषयमा आवाज उठाउँदै आएकी छु । जब मैले यो क्षेत्रमा कदम चालें त्यो बेला यो विषय उपेक्षित मुद्दा थियो । मैले दिन खोजेको सन्देश भनेको नेपालमै बसेर पनि केही गर्न सकिन्छ भन्ने हो । राम्रो काम गर्न नेपालबाट बाहिर जान पर्दैन । नेपालमै बसेर अझ बढी गर्न सकिन्छ, आफूले समाजलाई जति गऱ्यो त्योभन्दा बढी पाउन पनि सकिन्छ भनेपछि हरेक हिसाबले नेपालमै राम्रो छ भन्ने हो ।

अर्कोको प्रेसरमा अर्काको इच्छाअनुसार चल्न पनि पर्दैन । अर्को कुरा यदि मैले यो काम अहिले सुरु गरिनँ भने सुरु हुन अझ धेरै समय लाग्ला, अथवा नहोला पनि । कपडाको झोला धेरै बिर्सिसकेको अवस्था थियो । हामी प्लास्टिकको झोलामा गइसकेका थियौं । मैले वातावरणमैत्री पनि हुने राम्रो पनि हुने हुनाले कपडाको झोला राम्रो हुन्छ भनेर सम्झाउने काम गरें ।

यति गर्दा रोजगारी सिर्जना पनि हुन सक्छ भन्ने लाग्यो । वातावरणीय समस्या र सामाजिक समस्या मिलायो भने अर्को समाधान निस्कन्छ भन्ने कुरा पनि हामीले सिकायौं जस्तो लाग्छ । कुनैपनि उद्यम गर्दा त्यसले उद्यमसँगै समाजलाई पनि राम्रो गर्न सकिन्छ भन्ने हिसावले काम गऱ्यौं । मसँगै काम गर्ने धेरै साथीहरू अहिले आफ्नै बिजनेस गरिरहनुभएको छ ।

उहाँहरूको मान्यता पनि यही छ । समाजलाई के दिने र त्यसबाट कसरी लिने भन्नेकुरालाई मध्यनजर गर्दै काम गरिरहनुभएको छ । यतिसम्म कि डेलिभरी गर्दा पनि पेट्रोलभन्दा पनि इलेक्ट्रोनिक गाडी रोज्नुहुन्छ । यस्तो सोच राख्ने अहिले हजारौं युवाहरू छन्, यो पनि खुसीको कुरा हो ।

अब महिलाहरूको रोजगारीको कुरा गरौं । अनौपचारिक काम नपाउने, पाइहाले पनि जाँदा सुविधा नपाउने, रोजगारदाताले हेप्ने विभिन्न खालका समस्या थियो । नेपाल सरकारले अहिले पनि यो विषयमा ध्यान दिएको छैन । हामी भेट्न जाँदा पनि वैदेशिक रोजगारमा जाने महिलाहरू प्रक्रिया राम्रोसँग मिलाउन नसकेको अवस्थामा आन्तरिक कुरा त सोच्नै भ्याएको छैन भन्नुभयो । त्यो बेलादेखि नै हामीले 'हाम्री बहिनी' जब प्यालेसमेन्ट सर्भिस सुरु गरेका थियौं ।

यसमा करिब १४ सय दिदी बहिनीहरूलाई तालिम दिएर रोजगारदाताहरूसँग काम गर्ने घण्टा, दिने पैसा कुरा गरेर रोजगारको अवसर दिएका छौं । अहिले त्यस्ता धेरै संस्थाहरू आइसकेका छन् । अर्को भनेको हिमालको सरसफाइ त्यसको फोहोर कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने कुरा पहिलो पटक 'अभनी भेन्चर्स 'को थ्रु पायनर पनि गऱ्यौं । त्यस्तै, प्लास्टिकको ऱ्यापर व्यवस्थापन नहुँदा वातावरणमा नै समस्या देखिएको छ, हामीले पहिलो पटक यो व्यवस्थापन पनि गऱ्यौं ।

हामीले यस्तै कामहरू गर्दै आएका छौं । 'हाम्री बहिनी' सुरुवात गर्दा झोला उत्पादन गर्नेदेखि लिएर तालिम दिएर घरघरमा काम गर्नेहरू करिब १३ सय जना हुनुहुन्छ । अर्को अहिले जुन फोहोरमैला व्यवस्थापन गर्ने देशभरको नेटवर्क छ, त्यसमा तीन सयदेखि चारसय जनालाई रोजगारी दिइएको छ । उनीहरूले मासिक तलबको रूपमै काम गरिरहनुभएको छ ।

**पैसाभन्दा पहिला आइडिया**

कुनै पनि काम गर्न पेसा चाहिन्छ नै । तर, पैसा भएर मात्र हुँदैन । पहिले म के गर्दैछु भन्ने सोंच्नुपऱ्यो । त्यसपछि त्यसको आवश्यकता कहाँ कति छ ? यो आपूर्ति कति गर्न सक्छु भन्ने आफ्नो भूमिका के हुन्छ भन्ने थाहा पाउनु पऱ्यो । यसका लागि समय लाग्छ । मैले भर्खर पढाइ सक्दा मसँग पैसा पनि थिएन । मैले कहिले भोलेन्टियरको रूपमा काम गरें , त्यसपछि फण्डरेज गरेर पनि काम गरें ।

सुरुमा हामीले प्लान्टेसनको काम सुरु गर्दा तीनकुनेमा साथीहरूको समूह मिलेर भोलेन्टरिङ गर्दा पैसा लिन पनि गाह्रो भयो । त्यहाँ वरिपरी बैंकहरू थिए, उहाँहरूले व्यक्तिको खातामा हाल्न मिल्दैन, तपाईंहरूको संस्था चाहिन्छ भन्नुभयो । त्यसपछि संस्था चाहिँदो रहेछ, बैंक खाता चाहिँदो रहेछ भनेर संस्था दर्ता गऱ्यौं ।

मैले भन्न खोजेको पैसा भएर मात्र हुँदैन, त्यसका लागि अनुभव पनि चाहिन्छ । पैसा छ भनेपनि एकछिन त्यो पैसा त्यत्तिकै राख्नुहोस्, त्यसमा आफ्नो विज्ञता बनाउनुहोस् र लगानी गर्नुहोस् भन्छु । अर्को कुरा नेपालमा केही उद्यम गर्छुभन्दा पनि कुनै पनि बैंकले पत्याउँदैनन् । महिलाहरूलाई उद्यम गर्नको लागि बिना धितो लोनहरू दिने भनिन्छ तर, खोज्न जाँदा थोरै रकम त्यसमा पनि अलिकति पैसा बढाउँदा धितो अनिवार्य खोज्दो रहेछ ।

**गर्नुपर्छ भनेर नै पढेको**

१० देखि १२ कक्षासम्म पढ्दा म के बन्न चाहन्छु, त्यसका लागि कुन विषय पढ्ने भन्ने कुरा त्यति थाहा हुँदैन । मैले पनि डाक्टर बन्ने होला भन्नेबाहेक केही सोचेकी थिइनँ । तर पछि बुझ्दै जाँदा यो फिल्ड मेरो लागि होइन भन्ने लाग्यो । म गर्ने होला, कुन विषय पढ्ने होला, भनेर बुझ्दै जाँदा वातावरण विज्ञान भन्ने विषय पनि रहेछ । त्यो सुन्नेबित्तिकै मलाई चासो लाग्यो ।

त्यो विषयमा मैले बुझें- त्रिचन्द्र कलेजमा यो विषय पढाइ हुने रहेछ । मैले २-३ महिना कक्षा लिएँरै पढें । १ वर्षयता एमबीबीएसको तयारी गर्दै थिएँ भने अर्कोतिर यो विषयमा पनि बुझ्दै थिएँ । त्यसपछि मैले उताको तयारी छोडेर यो विषय लिएर पढ्न थालें । वातावरणमा सबै कुरा पर्छ । पृथ्वी छैन भने हाम्रो अस्तित्व नै छैन भन्ने थाहा पाएँ र यो विषय रोजें । मेरो नेचर पनि घुम्ने भेटघाट गर्ने भएकाले पनि यो विषय रोजेकी हुँ ।

**विकासले विनाश ल्याउँदै**

हाम्रा केही पक्षहरू राम्रा छन् । केही सुधार गर्नुपर्ने छन् । प्रकृतिले जे दिएको छ, त्यो नेपालजस्तो कुनै ठाउँमा छैन । २३ प्रतिशत संरक्षित क्षेत्र, जंगल ,कल्चर आफ्नो जीवनशैली राम्रो छ । तर, यसलाई हामीले उपभोग गर्न जानेका छैनौं । हामीले विकासमा नाममा विनाश गरेका छौं । यहाँ भूकम्प आउँछ, मनुसनमा विपत्ति आउँछ । यो सब कारण भनेको हामीले गरेको भनेको विकासले हो ।

जताततै रोड खनेर सिमेन्टले टालेर विकास हुँदैन । खोलानाला विनाश गरेर विकास हुँदैन । अब बागमतीको जस्तो अवस्था हिमालमा पनि नआउलान भन्न सकिँदैन । अहिले सबै मान्छे शिक्षित छन्, पढेलेखेका छन् । उनीहरूलाई यस्ता सबै कुरा थाहा हुनुपर्ने हो तर साक्षर हुनुभनेको सबै कुरा बुझ्ने भन्ने हुँदैन रहेछ । अहिले विकासको मोडल नै विकसित देश जस्तो बनाउनु हो भन्ने आइसकेको छ ।

हामीले विकास भनेको ठूलठूला भवन हुनु पऱ्यो, उद्योग कलकारखाना हुनुपऱ्यो र सबैको घरघरमा सडक पीच हुनुपऱ्यो भन्नेमात्र ठानेका छौं । तर हामीसँग जे छ, त्यसलाई जोगाएर अरूभन्दा युनिक कसरी बन्ने भन्नेबारे कसैको ध्यान गएको छैन ।यो देशलाई अन्य देश जस्तो होइन, नेपाललाई नेपालजस्तो बनायो भने सबैभन्दा राम्रो हुन्छ भन्ने मेरो बुझाइ हो । यसमा अब जनप्रतिनिधि, सरकोरवाला सबैले ध्यान दिनुपर्छ ।


**योजना**

यसमा ग्राउण्डमा गर्ने काम त रोकिँदैन, यो जारी नै रहन्छ । ग्राउण्डमा काम गरेको हुनाले नै यस्ता-यस्ता समस्या छन्, यसका लागि यस्तो नीति बनाउनुपर्छ भनेर भन्ने सकेका छौं । अब हामीले गर्ने बनाउने भनेको नीति हो । ग्राउण्डको कामलाई अझै राम्रोसँग बढाउन कुन नीति कसरी बनाउन सकिन्छ र यो नीतिको थ्रु कसरी नेपालभर लागू गर्न सकिन्छ भन्ने हो ।

प्लाष्टिकलाई नियन्त्रण गर्ने कुरा होस्, फोहोरमैलालाई राम्रोसँग व्यस्थापनको कुरा होस्, यसमा प्रयास निरन्तर रहन्छ र अहिले पनि नीतिगत कामहरू भइरहेका छन् । अब मलाई फोहोर र प्वालाष्टिकमा मात्र सधैंभरि अल्झिएर बस्नु छैन । यो पहिले समाधान गरौं, योभन्दा महत्त्वपूर्ण कुरा भनेको जलवायु परिवर्तनको असरले गर्दा पानीको स्रोत सुक्दै गइरहेको छ । यसको असर पानीमा परेको छ ।

कहीं सुख्खा छ भने कहीं पानी नै पानी । अब कसरी मुहानलाई संरक्षण गर्ने भन्नेमा केन्द्रित हुन्छु । समस्यालाई पहिचान गर्नुपऱ्यो । वातावपरण यस्तै हो भन्ने सोच्नुभएन । बुझेपछि सबैले यसमा आफ्नो भूमिका निभाउनुपर्छ । हाम्रो जीवनशैली सुधार्नुपऱ्यो । अर्को नीति बनाउनु सुझाव दिनुपऱ्यो । यो कोही एक्लैले गर्न सक्दैन, यसमा सबै आफ्नो ठाउँमा सचेत रहेर काम गर्नुपर्छ । यसमा स्थानीयतहको सबैभन्दा ठूलो भूमिका छ । फोहोरमैला व्यवस्थापन, सडक बिस्तारदेखि गिट्टी खानी प्रयोग गर्ने अधिकार सबै स्थानीय तहलाई छ । अब सुरु स्थानीय तहबाटै गर्नुपर्छ । यसको लागि सरकारले बजेट छुट्याएर स्थानीय तहलाई सहयोग गर्नुपर्छ ।

# कैदीबन्दीका हातमा श्रीमद्भगवद् गीता



मुस्ताङ/ कारागार कार्यालय जोमसोममा रहेका कैदीबन्दीहरुलाई श्रीमद्भगवद्गीता यथारूप वितरण गरिएको छ । नेपाल अन्तर्राष्ट्रिय कृष्णभावनानामृत संघ (इस्कोन नेपाल) को बागलुङ शाखाको आयोजनामा गीता जयन्तीको अवसर पारेर उनीहरुलाई वितरण गरिएको हो ।

देश-विदेशमा पनि कारागारमै गीता पढेरै धेरैले जीवन परिवर्तन गरेकाले सही जीवन जीउनका लागि सहयोग पुगोस् भन्ने भावनाले उनीहरुलाई गीताको पुस्तक वितरण गरिएको इस्कोन बागलुङका अध्यक्ष जगतगुरु गिरिधारी दासले जानकारी दिए । गीतामा अर्जुनका माध्यमबाट भगवान् श्रीकृष्णले सिकाएको अस्तित्वको अर्थले धेरैको जीवन परिवर्तन गरेका कारण पुस्तक पढेर उनीहरुमा सकारात्मक परिवर्तन आउने अपेक्षा गरिएको बताइएको छ । सो अवसरमा इस्कोन नेपालका अध्यक्ष परमेश्वर अच्युत दासले नेपालमा द्वन्द्व, अराजकता, सम्बन्धमा तिक्तता र निराशा बढ्दै गएको बताए । उनले नेपाल लगायत विश्व समुदायमा गीताको ज्ञान एकमात्र आशाको किरण रहेको दाबी गरे । गीता जयन्तीको महिना पारेर इस्कोनले विश्वव्यापी रूपमा श्रीमद्भगवद् गीता वितरण कार्यक्रम- डिसेम्बर म्याराथन-लाई विशेष रूपमा मनाउँदै आएको छ।


## गम्भीर बहादुर हाडाको

## बृहस्पति पुस्तक प्रकाशनबाट प्रकाशित पुस्तकहरु

- गम्भीर बहादुर हाडा, अर्थशास्त्र शिक्षण विधि (Method of Teaching Economics), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड. तेस्रो वर्ष Eco.Ed. 432 तथा 439 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U. Solution, बि.एड.तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco.Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete T.U. Reference Book, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, बृहत अर्थशास्त्र (Macro Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए. दोस्रो वर्षको Eco- 423 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solution, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, व्यवस्थापकीय अर्थशास्त्र र अर्थशास्त्र शिक्षामा अनुसन्धान (Managerial Economics & Research in Economic Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. चौथो वर्ष Eco Ed. 445 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, आर्थिक विश्लेषण (Economic Analysis), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. प्रथम वर्ष Eco Ed. 416 तथा 418 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. प्रथम वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र र नेपालको अर्थशास्त्र (Development Economics & Nepalese Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत बि.ए. तेस्रो वर्ष Eco 314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७५, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, सम्यक पोखरेल, आधुनिक अर्थशास्त्र (Modern Economics), Completely Based on HSEB Economics Curriculum (A Complete Reference Book with HSEB/NEB Solutions, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७६, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, नेपालको अर्थव्यवस्था (Nepalese Economy), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco Ed. 422 तथा 428 को नयाँ पाठ्यक्रममा आधारित With Model Questions & Solutions, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, अन्तर्राष्ट्रिय अर्थशास्त्र (International Economics), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed.434 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त, वित्तीय व्यवस्था र अन्तर्राष्ट्रिय व्यापार (Public Finance, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत बि.ए.तेस्रो वर्ष Eco -314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७८/७९, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि. शिक्षा शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्.दोस्रो वर्ष Eco. Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, विकास र योजनाको अर्थशास्त्र (Economics of Development & Planning), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.दोस्रो वर्ष Eco.Ed. 423 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, अर्थशास्त्र, पाठ्यक्रम विकास केन्द्रद्वारा जारी अर्थशास्त्र (३०४) को नयाँ पाठ्यक्रममा आधारित A Complete NEB Reference Book on, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि., कक्षा १२, २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, मुद्रा, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार (Money, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 426 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र, योजना र नेपालको अर्थशास्त्र (Development Economics, Planning and the Economy of Nepal), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.दोस्रो वर्ष Eco 424 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, अनुसन्धान पद्धति र प्राज्ञिक लेखन (Research Methodology & Academic Writing), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 427 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, सरकारी वित्त र वित्तिय प्रणाली (Government Finance & Financial System), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed. 433 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल ।

# स्थानीय तहको उपनिर्वाचनले दिएको सन्देश

– नरेन्द्रजंग पिटर

उपचुनाव सकियो, बहस नयाँ शिराबाट सुरु भयो। संकेत सन्देश हुन्छ। सन्देश बहुआयमिक हुन्छन्। दूरगामी असर राख्छन्। नजिर बन्छन्। सबै राजनीतिक दलका दर्शन र सिद्धान्तको अन्त्य भए पनि अस्तित्वमा रहँदै आएका ठूला दलहरू नै एकापसमा विलय भएको रुकुम पहिलो घटना हो। के यो दल अन्तको सुरु हो ? हृदयेश त्रिपाठीले एमालेसँग अभ्यास गरे पनि उनले त्यति असर छाड्न सक्दैनथे। विगत साक्षी छ- गठबन्धन गर्दा एकापसमा चाटाचाट गर्दै भजन गाउने तर विवाद हुनेबित्तिकै एकार्काको हुर्मत उतार्दै दोहोलो काढ्ने नेपाली राजनीतिक संस्कृति नै बन्यो।

एमाले महासचिव शंकर पोखरेल बहुदलीय व्यवस्थामा दुईदलीय व्यवस्थाको वकालत गर्छन्। त्यसैको अभ्यास सरकार र रुकुम अभ्यास थियो। तीन दल- कांग्रेस, एमाले र माओवादी नै मुख्य प्रतिस्पर्धी भएको चुनावी परिणामले सन्देश दियो कि पोखरेल डक्ट्रिन अनुमोदन भएन।

रुकुमस्थित उत्तरगंगा गाउँपालिकाको उपाध्यक्षमा संस्थागत निर्णयमा एमालेले कंग्रेसको चुनाव चिह्न रुख लिएर प्रतिस्पर्धा गर्‍यो। गठबन्धन हुनु सामान्य कुरा हो। मुख्य प्रतिद्वन्द्वीविरुद्ध विचार र व्यवहारसँग नजिकका साझेदार खोजिन्छ नै। दल बदल्नु अब सामान्य विषय बन्यो, तर आधिकारिक उम्मेदवारले फरक दलको चुनाव चिह्नमा प्रतिस्पर्धा गर्नुले भने धेरै प्रश्न ओइरिए।

काठमाडौं-१६ भने नेपाली राजनीतिलाई नयाँ आयाम दिने कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंहको निवास रहेको क्षेत्र हो। जहाँबाट गणेशमान ७ फागुन २०१५ बाट प्रारम्भ भएको पहिलो संसदीय निर्वाचनमा नेकपाका तत्कालीन नेता पुष्पलाललाई पराजित गरी विजयी भएका थिए। तिनताकाको १ सय ९ निर्वाचन क्षेत्रमध्ये यो १ नम्बर क्षेत्र थियो। चाक्सीबारीको अहम् भूमिका, कांग्रेस उपसभापति एवं उपप्रधानमन्त्री प्रकाशमान सिंहको गृह वार्डमा कांग्रेस पराजित भयो। भोट ट्रान्सफर भए। कांग्रेसको गढ मानिने मोरङमा पनि पराजय व्यहोर्नु पर्‍यो। उपचुनावको मत संख्यामा कांग्रेस पहिलो, दोस्रोमा माओवादी र तेस्रोमा एमाले रहन पुगे।

हरेक कार्यको औचित्य सावित गर्न तथ्य आवश्यक पर्छ। माओवादी गढ भनेर उसको विरुद्ध शान्ति सम्झौताका पक्षधर सात ठूला दलमध्येका प्रमुख प्रमुख दुई दल एक हुनु भनेको माओवादीहरूले 'जनयुद्ध' बिर्सिए पनि विपक्षले अझै बिर्सेको छैन भन्ने भयो। हुकुमको तामेल गर्ने अनुशासित मतदाताले दुवै दलले जित्ने (विन-विन) सिद्धान्त लागू गरून् भन्ने अपेक्षा थियो। त्यसलाई प्रमुख विरोधी हराएर राष्ट्रिय सन्देश दिने वाध्यताको सम्झौता भनियो। हुन त अगाडि आएका समस्या र चुनौतीहरूको सामना कुनै लिखत राजनीतिशास्त्रले तय गर्दैन, राजनीतिक कला र परिस्थिति हेरेर निर्णय लिने कला र क्षमतामा भर पर्छ।

कांग्रेस र एमालेमा शान्ति सम्झौता गर्दाको मूल नेतृत्व अहिले ती दलमा 'सुप्रिमो' मा छैनन्। घाउ निको भए पनि खत भने रहिरहन्छ नै, तुष कायमै देखियो। माओवादी फेरिएर संसदीय व्यवस्था स्वीकारे पनि उसलाई कांग्रेस र एमालेले छोइछिटो गर्न छाडेनन्। कांग्रेस सभापति शेरबहादुर देउवा मौन खेलाडी हुन्। गठबन्धनलाई दबाबमा राखेर आफ्ना नीति लागू गराउँछन् भने राजनीतिक चेसका चतुर खेलाडी प्रधानमन्त्री केपी शर्मा ओली सोचेर नभई घोचेर बोल्ने इखालु नेता हुन्। उपयोगवादका सिद्धहस्त ओली प्रयोगवादी भएकाले नयाँ-नयाँ न्यारेटिभ सिर्जना गरिरहन्छन्। समाजसँग कुशल संवाद गर्न सक्षम प्रधानमन्त्री ओलीको कार्यकर्ता संरक्षण नै शक्तिको मूल स्रोत हो।

प्रधानमन्त्री ओलीका निर्णय र भूमिका नियाल्दा अमेरिकी लेखक रबर्ट ग्रीनको प्रसिद्ध पुस्तक 'द फोर्टी अइट लज अफ पावर (शक्तिका ४८ नियम) झल्किन्छ। ग्रीनले शक्ति प्राप्त गर्न, कायम राख्न र प्रयोग गर्नका लागि शक्तिका ४८ नियमहरू अघि सारे। ग्रीन भन्छन्, 'कहिल्यै मालिकलाई ओझेलमा नपार्नु होस्, साथीहरूलाई धेरै विश्वास नगर्नू, शत्रुलाई प्रयोग गर्नू, आफ्ना उद्देश्यहरू लुकाउनू, सधैंभन्दा कम कुरा गर्नू, प्रतिष्ठा सबै कुरा हो- जोगाउन जुन उपाट रचे पनि जायज हुन्छ। ध्यान आकर्षित गर्न कुनै पनि मूल्यमा खडा हुनु अरुको कामको पनि श्रेय लिन नचुक्नु, अरुका निर्णयमा पनि आफू हावी हुनु हो।'

एमाले अध्यक्ष ओलीसँग असरल्ल समस्या छन्। जो जति माथि उठ्छ उसका समस्या पनि त्यत्तिकै ठूला हुन्छन्। अध्यादेश ल्याएर अन्य दल फुटाउँदै ठूलो दल बन्ने योजना ध्वस्त भए पनि कांग्रेसलाई खुसी पार्न उनी बाध्य छन्। मीनभवन प्रकरणले रक्षात्मक बनेको एमालेलाई कम्बोडिया प्रकरण (हल्लै पनि हुन सक्ला) ले स्पष्टीकरण दिनुपर्ने अवस्थामा पुर्‍यायो।

समाजको चेतना र भूमिकाको निर्देशन गर्ने नेतृत्वले समकालीन सोचभन्दा माथि त उठ्नैपर्छ, तर फर्केर धर्तीमा फर्कनुपर्छ भनी धेरै लहडी सोच पनि बनाउन हुँदैन। प्रधानमन्त्री कविता नलेख्ने महाकवि भएकाले कल्पनाको चित्रकारीका कैयौँ अवस्तुवादी घोषणाले पनि उनलाई विश्वासको संकटमा पारिदियो।

पहिलाका विश्वासपात्र रवि लामिछाने र दुर्गा प्रसाईंले सडकमा भिड उतारेपछि जवाफ फर्काउन प्रधानमन्त्री स्वयम् सडकमा उत्रिनुपर्‍यो। आफन्तका भेषमा रहेका शत्रु र विरोधीको पङ्क्तिमा रहेका आफन्त चिन्न नसक्दा लामिछाने र प्रसाईंहरूलाई प्रश्रय दिएकोमा पछुताउमा परे। परिस्थितिले मान्छे, समूह वा दललाई जता पनि धकेलिदिन सक्छ। जब प्रतिक्रियाले निर्णय लिइन्छ, डर निर्णयका कारण बन्छन् तब त्यसको दीर्घकालीन प्रभाव के पर्छ भन्ने ध्यान दिइँदैन।

समाजको चेतना र भूमिकाको निर्देशन गर्ने नेतृत्वले समकालीन सोचभन्दा माथि त उठ्नैपर्छ, तर फर्केर धर्तीमा फर्कनुपर्छ भनी धेरै लहडी सोच पनि बनाउन हुँदैन। प्रधानमन्त्री कविता नलेख्ने महाकवि भएकाले कल्पनाको चित्रकारीका कैयौँ अवस्तुवादी घोषणाले पनि उनलाई विश्वासको संकटमा पारिदियो।

नेपाली राजनीतिको समग्रता नियाल्ने हो भने कठिन समय र जटिल लोकतान्त्रिक व्यवस्थामा सामुदायिक क्षमता र विवेकले मात्रै नैतिक बल र सिर्जनात्मकता सत्यापित गर्छ। तर, घृणालाई राजनीतिक हतियार बनाएर सत्ता सिँढी उक्लिन सके पनि सधैँ सोही अवस्थामा टिकिरहन सकिन्न। आफ्नै शक्ति सुरक्षित गर्नु पनि सत्ता शेयर गर्नुपर्छ। शक्ति शेयरिङ गरे त्यही शक्ति प्रयोग गरेर प्रतिस्पर्धी बन्न सकिन्छ भन्ने भयमुक्त भए मात्र अरुबाट हार्दिक सहयोग पाउन सकिन्छ।

राजनीति व्यवसाय बनेपछि अनुशासित कार्यकर्ताले पनि आफ्नो हैसियत जोगाउन स्वःनिर्णय लिन सक्दैनन्। संगठन नेतृत्वदायी अंग नबनेर साक्षी किनाराका सदर भएपछि नेतृत्वका हरेक कामलाई ताली बजाउनु र विरोधीका हरेक तथ्यपूर्ण तार्किक विचारको पनि उछित्तो काढ्नुपर्ने हुन्छ। विवेक प्रयोग गर्न सक्दैनन्। नेताको अपराध, कुकर्म, अज्ञानताको मन, वचन र कर्मले समर्थन गर्नुपर्ने हुँदा नागरिक अधिकार पनि कार्यकर्ताले गुमाउँछन्। भिन्न मत जाहेर गर्नेलाई अराजक भनिँदै अनुशासनको डन्डा हानेर पाखा लगाइन्छ। शत्रुलाई ध्वस्त गर्नुपर्छ नकि क्षमा दिनु हुन्न भन्ने मान्यता क्याकियाबेलियन आदर्श हो। मान्छेका स्वभाव खराबै हुन्छन्। स्वार्थी हुन्छन्। असुरक्षाका लागि चिन्तत भएकाले सत्ता पाउन र सुरक्षाका लागि स्वार्थसिद्ध गर्न शक्तिशाली भए जे पनि गर्न सकिन्छ भनेर शक्तिसँग अरुलाई हेप्ने गरिन्छ। तब सिद्धान्त बन्छ जब दुस्मनलाई क्षमा दिनु हुँदैन, एक-एक गरेर सिध्याउनुपर्छ भन्ने मान्यता प्रबल हुन पुग्छ।

**उपनिर्वाचनले दिएका सन्देशः**

१. *गठबन्धन विश्वासमा नभई शक्ति सुरक्षाका लागि हुन्छ। नेतृत्वले चोचोमोचो मिलाए पनि मतदाता हुकुमको पछि लाग्दैनन्।*
२. *एकै प्रकृतिका मुद्दामा सत्ताको फरक-फरक व्यवहारलाई कार्यकर्ताले स्वीकारे पनि मतदाताले स्वीकारेनन्।*
३. *प्रतिक्रियाले मात्रै शक्ति सुरक्षा प्राप्त गर्न सकिँदैन।*
४. *घुस अब जिन्सीमा चल्न थालेको विषय सुक्ष्म अध्ययनको विषय बन्न पुगेको मास प्रतिक्रियात्मक परिणामले देखायो।*
५. *माओवादीको शक्ति केही बढेको देखियो। त्यो उसको लोकप्रियता भन्दा पनि सत्ता गठबन्धनविरुद्धको आक्रोश हो। इतिहासको रक्षा गर्न वर्तमानको भूमिकाले औचित्य दिनुपर्छ।*
६. *मतदाता बँधुवा हुँदैनन्। एकपटकको विश्वास सधैँका लागि हुँदैन भन्ने कुरा एमाले, कांग्रेस र माओवादीका कयौँ सिटहरू साटिएकाले पुष्टि गर्‍यो।*
७. *माओवादी सकियो भन्ने बजारिया कुरा, हल्ला सावित भयो।*
८. *वैकल्पिक भनिएका नयाँ दलहरूप्रति मतदाताले विश्वास गरेनन्। स्वतन्त्र भन्ने दलहरू भिडको लहडमा चल्ने खहरे खोलाजस्तै हुन्छ।*
९. *कांग्रेस र एमाले केही स्थानमा एक्लाएक्लै प्रतिस्पर्धा गर्न हिचकिचाए।*
१०. *राप्रपाका उम्मेदवारहरूको जमानत जफत हुनुमा राजतन्त्रप्रतिको अरुचि अझै छ र धर्मनिरपेक्षताप्रति जनसमर्थन छ भन्ने देखियो।*

# Sally the python

P. Pilgrim

Man has been created in the image of God with the wonderful ability to think, consider and reason. People can look at puzzles and work them out. This also allows them to know whether what they do is good or bad. Therefore, all our actions have consequences. Some big and some little, good and bad, public and unseen. Men start to weigh the consequences to their actions or inactions when they consider what they are doing. The story is told of a family who had a python as a family pet called Sally. When they first bought it, it was only one ft long. They didn't keep it in its own cage instead allowed it to roam free through the duplex apartment. As the snake grew they still didn't keep it locked up, and it grew to 11 and a half feet and weighed 80 pounds. Animal experts say that two people should always be present when someone is handling a snake like a python as they are constrictors meaning that they constrict their prey rather than injecting it with venom. All pythons are what's called ambush predators. That means they don't proactively stalk their prey, but instead hide and wait for prey to come to them. Reports have been made of snakes measuring themselves lying next to a person to see if they are the longest. Waiting their time before they strike. They story continues that the family had left their 15 year old son Derek alone in the house with the snake still loose. When they returned, they found him dead, the family's pet snake, Sally, just inches from the youth, coiled and rearing its head in an attack posture. Newspaper reports quoted the police as saying that the snake was quite aggressive, hissing and reacting when they arrived to investigate. An autopsy the following Wednesday confirmed that the boy died of asphyxiation caused by compression of the chest when the snake wrapped around him.

Many times we think it isn't important to follow the rules. It doesn't matter one way or another. However, all actions have their consequences which for this family the consequences were tragic. Their inaction to buy a cage for the reptile, their inaction to follow the rules of always having two people present when handling the snake. Their inaction led to tragedy. But you and I are also in danger of tragedy if we don't take action. The Bible says we are all sinners, that is, we have broken the law of God. Therefore, we are enemies to God, we have no peace or joy. Roman chapter 5 verse 12 'Wherefore, as by one man sin entered into the world, and death by sin; and so death passed upon all men, for that all have sinned:' If we continue on this path of death and don't take any action to change our place before God then we too will know tragedy. The scriptures tell us that 'But God commendeth his love toward us, in that, while we were yet sinners, Christ died for us'. Rom 5:8. This gift of Christ means that if we accept him we can have eternal life. We can have peace and joy with God. We can change our path and be brought into the light. Inaction will keep you on the same path, the action of trusting Christ will take you on the path to heaven. I trust that you will see the danger your inaction is having and come and trust Christ as your Saviour.

pilgrimway101@yahoo.com


Considering studying or working aboard?
Come to **Joy International Language Institute**

for all levels of
English and Spanish Language Classes

including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*

Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)

Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com






**निर्माणका लागि हामीलाई सम्झनु होस्**

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्। विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरूका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरू तान्ने कार्यहरूमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

**'तपाईहरूको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'**

**प्रविधि कन्स्ट्रक्सन प्रा.लि.**

कृष्ण नगरकोटी
काठमाडौं - ११, काठमाडौं
सम्पर्क नं. ९८४१७२५६६२

## पत्रकार ...

जो अध्यक्ष बने पनि महासंघको गरिमा र श्रमजिवी पत्रकारहरुको हकहितका लागि आवाज उठाउन सक्ने व्यक्तिको क्षमता अभाव हुने बताइएको छ। सरकारमा गठबन्धनको प्रवृत्ति हाबी हुन थालेपछि एक्लाएक्लै प्रतिस्पर्धामा उत्रिनुपर्ने युनियन र चौतारीलाई पनि गठबन्धनको रोगले ग्रसित पार्दै आइरहेको छ।

विहानभरी नेताहरुको दैलो चहार्ने र बेलुकी भट्टीमा बसेर जयजयकार गर्ने प्रवृत्तिले नेपालको पत्रकारिता क्षेत्र र महासंघलाई सबल, सक्षम र आशा लाग्दो नेतृत्व आउनेमा आशंका उत्पन्न हुन थालेको अवस्थामा महासंघमा देखिएको भाँडभैलोले आस्थाको दियो निभ्ने खतरा बढेको समाचार श्रोतले बताएको छ।

## डोनाल्ड ...

गरी नेपाललाई गर्ने सहयोगमा निरन्तरता रहने बताएको अर्थमन्त्रालय श्रोतले जानकारी दिएको छ।

यता, डोनाल्ड लु र देउवाबीचको भेटघाटले राजनीतिमा नयाँ तरंग पैदा गरेको छ। नेपालको राजनीतिक बजारमा हल्लाको खेतीगर्नेहरूले सरकार परिवर्तन हुने चर्चा चलाएका छन्। खासगरी प्रधानमन्त्री ओली मंसिर १७ गते चीन भ्रमणमा जानु अघि सरकार ढल्ने चर्चा शुरू भएको थियो।

यता, नेपाल सरकारका एक प्रभावशाली मन्त्रीले अब प्रधानमन्त्री भारत भ्रमणमा जानुहुन्छ सरकार ढल्दैन, यो हल्ला २०८४ सम्म नै चलिरहने बताएका छन्। अस्थिरता मच्याउने र देशको विकास भएको हेर्न नचाहनेहरूले बेलुका भट्टीमा बसेर यस्तो हल्ला चलाउने गरेको ती मन्त्रीको कथन छ। यता सरकारमा बसेर परिणाम देखाउन नसक्ने मन्त्रीहरू हटाई मन्त्रीमण्डल पुनर्गठन गर्ने विषयमा समभ्रुदारी भएको भनी हल्ला पनि चलाइएको छ। यसअनुसार अर्थमन्त्री विष्णुप्रसाद पौडेल, उद्योगमन्त्री दामोदर भण्डारी, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे, बनमन्त्री ऐनबहादुर शाही, सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता र भूमिव्यवस्था, गरिबी निवारण तथा सहकारी मन्त्री बलराम अधिकारीको नाम हट्ने सूचीमा राखिएको छ। अर्थमन्त्रीमा काँग्रेस महामन्त्री गगन कुमार थापाको चर्चा चलेको छ।

यसरी राजनीतक बजारमा अनेकौं अड्कलबाजी र हल्ला चलिरहँदा काँग्रेस सभापति देउवाले प्रधानमन्त्री ओलीले राम्रो काम गरेको भन्दै काँध थापेपछि शेयर बत्रजारमा सरकार ढल्ने हल्ला हल्लामात्र भएको बताइएको छ। मन्त्रिमण्डल भने पुनर्गठन हुन सक्ने जानकारहरूले बताएका छन्।

## सडक ...

राजमार्गको प्रभावित क्षेत्रमा गएका छन्। यसैगरी सडक विभागका महानिर्देशक रामहरि पोखरेल मुग्लिन-पोखरा खण्ड र मध्यपहाडी लोकमार्ग अन्तर्गत पर्ने पर्वत बाग्लुङ्ग खण्डको निरीक्षणमा निस्किएको समाचार श्रोतले बताएको छ।

त्यसैगरी भौतिक पूर्वाधार तथा यातायात सचिव केशवकुमार शर्मा सडक अनुगमनकै लागि पूर्वाञ्चलतिर लागेको श्रोतले बताएको छ। नेपालमा सडक निर्माणको विधिवत थालनी वि.सं.१९८० बाट शुरू भएपनि पूर्ण बन्न नसकेको जानकारहरूले बताएका छन्। देश विकासको मेरूदण्ड मानिने सडक सञ्जालको अवस्था जुन व्यवस्था र मन्त्रीहरू आएपनि सन्तोषजनकरूपमा हुन सकेको छैन। बरू सडक निर्माणलाई मन्त्री सचिव महानिर्देशक, डिभिजन प्रमुख योजना प्रमुख र इन्जिनियरहरूले कमाई गर्नेमा माध्यम बनाउँदै आएका छन्।

बी.पी. राजमार्ग बाहेक हाल मुग्लिन-पोखरा, नारायणगढ- बुटवल, लौकही काँकडभिट्टा सडकको अवस्था कहालीलाग्दो मात्र नभै जोखिमपूर्ण बन्दा समेत विभाग नेतृत्व कर्मकाण्डी अनुगमन र निर्देशन दिएर कानमा तेल हालेर बसेको सरोकारवालाहरूले बताएका छन्। गत असोज १०-१२ गतेको बाढीले काभ्रेभञ्ज्याङ्ग नेपालथोक खण्डको १२ कि.मि. सडक बढी क्षति गरेको छ। १२ कि.मि.मध्ये ८.७ कि.मि.सडक खण्ड रोशी खोलाले बगाएर ध्वस्त पारेको अवस्थामा अहिले अस्थायी डाइभर्सन बनाएर यातायातका साधन चलाइएको छ।

दैनिक ८-१० हजार सवारीसाधन गुड्ने बी.पी. राजमार्गको उक्त सडकखण्डमा चौकी भञ्ज्याङ्गमा ट्राफिक जाम भएपछि यात्रुहरू घण्टौसम्म हैरानीमा पर्दै आएका छन्। दातृ निकायले चासो नदेखाउँदा र श्रोत सुनिश्चितता नहुँदा तत्कालै ठेक्का लाग्ने अवस्था नरहेको समाचार श्रोतले बताएको छ। सडक डिभिजन भक्तपुर र खाल्टे (पहिलाको खुर्कोट) ले यो सडक निर्माणमा अगुवाई र अध्ययन गरेपनि बजेटको अभावमा 'दिनभरी करायो, दक्षिणा हरायो' भने भै भएको बताइएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा अनुभवी र क्षमतावान् सचिव भएपनि विभागको नेतृत्व अक्षम भएपछि त्यस्को आरोप मन्त्री देवेन्द्र दाहाल र सचिव शर्माले खेप्नु परेको समाचार छ। सडक विभागलाई यतिबेला बी.पी. राजमार्ग, मुग्लिन पोखरा र नारायणगढ-बुटबल सडक टाउको दुखाई बन्न पुगेको सडक विभागमा चर्चा चलेको छ। यहि हिसाबले यी सडकहरू सम्पन्न हुन अभै केही वर्ष लाग्ने देखिन्छ।

## आयल ...

बनाएको समाचार श्रोतले बताएको छ। लथालिंग भताभुङ्ग अवस्थामा पुगेको निगम हाल सबल र सक्षम बन्दै गएको छ।

पछिल्लो समय पाइपलाइन निर्माणमा जोड दिँदै आएको निगमले लोथर अमलेखगञ्ज र सिलीगुढीदेखि झापासम्म पाइपलाइन बिस्तारमा सकृयरूपले लागिपरेको छ भने अमलेखगञ्जमा करिब एकलाख किलोलिटर क्षमताको देशकै सबभन्दा ठूलो इन्धन भण्डारण गृह बनाउने र अटोमेसनमा लैजाने तयारीमा जुटेको छ। यस बाहेक रूपन्देहीको रोहिणी नदी किनारको २१ विघा जग्गाको संरक्षणका लागि पनि काम अघि बढाएको समाचार श्रोतले बताएको छ।

एयरपोर्टबाट इन्धन डिपोलाई पुनर्संरचना गर्ने, मध्यपहाडी लोकमार्ग अन्तर्गत विभिन्न ठाउँमा पेट्रोल पम्प निर्माण गर्ने कार्यलाई पनि निगमले अघि बढाएको छ। डेढ वर्षदेखि अघि बढ्न नसकेको भारतीय आयल कर्पोरेशन र नेपाल आयल निगमबीचको जीटुजी सम्झौता पनि अघि बढेको छ। यस्का अतिरिक्त पहाडी क्षेत्रमा बोतलमा पेट्रोल बेच्नुपर्ने अवस्थाको अन्त्य गर्दै धनगढीमा पनि भण्डारण गृह बनाउन जग्गा प्राप्तीका लागि कार्य योजना अघि बढाएपछि आयल निगममा सुधारका संकेतहरू देखिन थालेका छन्।

## वरिष्ठ ...

पौडेलले भण्डारीलाई पुरस्कार हस्तान्तरण गरेका थिए। समारोहमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले भण्डारीलाई सम्मान गरेका थिए।

अधिकारकर्मी दयाराम परियारको २०६२ चैत ११ मा मानव अधिकार आयोग जनकपुर कार्यालयमा कार्यरत रहँदा प्रहरीको गोलीबाट मृत्यु भएको थियो। गोली लागेका उनको उपचारको क्रममा चैत १५ गते निधन भएको थियो।अधिकारकर्मी परियारको सम्मानमा हरेक वर्ष 'दयाराम परियार मानव अधिकार स्मृति पुरस्कार' प्रदान गरिँदै आएको छ।

यसअघि डा. शिवमाया तुम्बाहाम्फे, श्यामसुन्दर शशी, दुर्गा घिमिरे, चन्द्रकिशोर झा, बलदेव राम, चरीमाया तामाङ, शारदा चन्द, टेकनाथ बराल, मातृका देवकोटा, नजवुल खान, विद्या राजभण्डारी, रामजी अधिकारी, प्रेमकुमारी पन्त, नारायणप्रसाद शर्मा, डा. हरिहर वस्ती, डा. रेणु अधिकारी उक्त पुरस्कारबाट सम्मानित भइसकेका आयोगले जनाएको छ।

## लक्जमबर्गका ...

कुराकानी भएको मन्त्रालय स्रोतले जानकारी दिएको छ।

त्यस अवसरमा नेपालको विकास प्राथमिकता तथा नेपाल र लक्जमबर्गबीचको आर्थिक सहकार्यका बारेमा विचार आदानप्रदान गरिएको जनाइएको छ। सो भेटवार्तामा विश्वव्यापी तापमानमा भइरहेको वृद्धि र यसका कारण परेको जलवायु परिवर्तनको असरका बारेमा पनि कुराकानी भएको थियो। नेपाल जलवायु परिवर्तनको असरको चपेटामा परेको र यसका कारण नेपालले अकल्पनीय क्षति व्यहोर्नु परिरहेकाले विषयलाई परराष्ट्रमन्त्री देउवाले उठाएको बताइएको छ। उनले अन्तर्राष्ट्रिय समुदायसँग सहयोगका लागि अपिल गरिएको कुरा पनि देउवाले सो उठाएकी थिइन्।

त्यस अवसरमा लक्जमबर्गलाई नेपालको विकास सहायतामा प्राथमिकतामा राख्न मन्त्री बेटेललाई अनुरोध देउवाले गरेकी थिइन्।नेपाल सन् २०२६ मा एलडिसीबाट ग्राजुएट हुन लागेकाले त्यसपछिको अवस्थामा नेपाललाई आर्थिक, प्राविधिकलगायत क्षेत्रमा आवश्यक सहयोगका लागि पनि मन्त्री बेटेललाई आग्रह गरिएको बताइएको छ।

नेपाल अतिकम विकसित देशको श्रेणीबाट मध्यमस्तरको राष्ट्रका रूपमा स्तरोन्नति हुन लागेको छ। यसलाई दीर्घकालीन र सहज बनाउने रणनीतिमा युरोपियन युनियन लगायत नेपालका दाता राष्ट्र एवं संस्थाहरूको सहयोगको अपेक्षा नेपालले गरिरहेको छ। त्यसक्रममा लक्जमबर्गको पनि सहयोग र समर्थनको अपेक्षा गरिएको मन्त्री देउवाले जानकारी गराएकी थिइन्।

उनले नेपालले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् र मानवअधिकार आयोगको सदस्यमा उम्मेदवारी दिन लागेकाले त्यसका लागि सहयोग गर्न लक्जमबर्गलाई आग्रह गरेकी थिइन्। नेपाल र लक्जमबर्गबीच सन् १९७५ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो।

## के तपाईँ...

संगठनले गठबन्धन गर्ने प्रचलन छ।

यसरी चुनावी प्रक्रियामा जाँदा वास्तविक श्रमजिवी पत्रकारहरुको हकहितका पक्षमा काम गर्नसक्ने पत्रकार नेतृत्वमा नपुग्न पनि सक्छन्। या सही व्यक्ति नेतृत्वमा पुगे पनि श्रमजिवीको हकतिकका निम्तिभन्दा आफ्नो दलीय पत्रकार संगठन र आफूलाई नेतृत्वमा पुऱ्याउन सहयोग गर्ने संगठन र तिनका नेतृत्वका हित र अजेण्डालाई केन्द्रबिन्दुमा राखेर काम गर्छन् भन्दा अतियुक्ति नहोला !

त्यसो त निर्वाचनमा मत माग्दा आफू सम्पूर्ण पत्रकारहरुको हकहितका निम्ति निष्पक्ष हुँदै काम गर्ने भन्दै भाषण नगर्ने गरेका हैनन्। हात्तिका दुईवटा दाँत भने जस्तै हो। उनीहरु भन्छन् एकथरी अनि गर्छन् अर्कोथरी। यो मेरो आरोप हैन, तमाम श्रमजीवि पत्रकारहरु यस्तै भन्छन्।

नभनुन् पनि कसरी ? चुनाव जितेपछि पत्रकारको नयाँ नेतृत्वले आफूसम्बद्ध दलका शीर्ष नेताका घरदेखि कार्यालय जितको आशीर्वाद थाप्न दौडधुप गर्छन्। उनीहरुको यो प्रक्रिया चुनाव जितेपछि मात्रै शुरु हुने भने हैन। चुनावमा उठ्नका निम्ति टिकट पाउनेदेखि नै शुरु हुन्छ। दलका नेताको हातगोडा मोलेरै भएपनि पत्रकार महासंघको नेतृत्वमा जो पुग्छ उसैले भविष्यमा सरकारी ओहदाको महत्वपूर्ण नियुक्ति हात पार्छ। विगतदेखि नै यही हुँदैछ र सायद भविष्यमा पनि दोहोरिने छ।

समस्या को नेता बन्यो भन्ने कुराको हैन। कस्ले कहाँ नियुक्ति पाउँछ भन्ने चिन्ता पनि हैन। सम्पूर्ण पत्रकारहरुका हक अधिकारका निम्ति, समग्र पत्रकारिता जगतको साख बढाउनका निम्ति, विधि, विधान र पद्धतिका आधारमा निस्वार्थ भावले काम गर्ने चाहना बोकेकाहरु नेतृत्वमा पुग्दैनन् कि भन्ने चिन्ता हो। आगामी दिनमा पुनः साझा संस्था मानिने महासंघको कार्यालयमा तालाबन्दी नहोस् भन्ने शुभेच्छा हो। आज आफैले मतदान गरेर जिताएको नेतृत्वका विरुद्धमा निकट भविष्यमा आफैले पछुत्ताएर नाराबाजी गर्ने अवस्था नआओस् भन्ने चिन्ता हो। अनि,जसको मत पाएर नेतृत्वमा पुगियो उनीहरुकै विरोधपछि राजीनामा दिएर भाग्नुपर्ने विपुल पोखरेलको जस्तो नियती नदोरिओस् भन्ने पीर हो।

मैले यति लेख्दै गर्दा आफ्नै आङ कन्याएर छारो उडाएको जस्तो हुनसक्छ। तर, अब छारो उडाएर मात्रै सुख छैन। नेपाली पत्रकारिता र पत्रकार महासंघमाथि लागेको 'राजनीतिक ग्रहण' हटाउँदै को गिर्दो 'साख' जोगाउन अत्यावश्यक छ। त्यसका निम्ति पत्रकार र पत्रकारितामाथि थुप्रिएको फोहोरलाई जतिसक्दो छिटो पखाल्नुपर्छ। नत्र यसले दुर्गन्ध फैलाउँदै जाने पक्का छ।

सात दशकभन्दाअघि स्थापित पत्रकार महासंघमा आज मंसिर २८ गतेको चुनावबाट २४औं नेतृत्व चयन हुँदैछन्। यसपटक पनि विभिन्न दलनिकट पत्रकार संगठनहरु गठबन्धन गरेर चुनावी मैदानमा छन्। गठबन्धन गरेर चुनाव हुँदैमा अयोग्यहरु नेतृत्वमा पुग्छन् भन्ने आशय मेरो होइन। को योग्य र को अयोग्य त्यो निर्वाचनपछि उस्को कार्यकालमा देखिएला। महासंघको नेतृत्वमा श्रमजीविका निम्ति काम गर्ने, निष्पक्ष र पारदर्शी, प्रेस स्वतन्त्रता र सुरक्षा सुनिश्चितताका निम्ति काम गर्न सक्ने व्यक्ति आउन् भन्ने चाहना हो।

नेपालमा अझैपनि पत्रकारहरूको सुरक्षा र प्रेस स्वतन्त्रता खतरामा छ। रिपोर्टिङका क्रममा पत्रकारहरूले शारीरिक, मानसिक, र कानूनी दबाबको सामना गरिरहेका थुप्रै दृष्टान्तहरु छन्। प्रेसमाथि सरकारी नियन्त्रण, अनौपचारिक अडानहरू र भ्रष्टाचारका कारण स्वतन्त्र पत्रकारिता प्रभावकारी र जनमुखी बन्न सकेको छैन। यसका कारण पछिल्लो समय आम सञ्चार माध्यमप्रति पाठकहरुको विश्वास कम हुँदै गएको छ।

नेपालमा स्वच्छ पत्रकारिता मात्रै गर्ने अधिकांश पत्रकारहरू आर्थिक रूपले असुरक्षित छन्। अझैपनि दैनिक पत्रिका, रेडियो र टेलिभिजन मिडियामा काम गर्ने कतिपय पत्रकारहरूले न्यूनतम पारिश्रमिक समेत पाउन सकेका छैनन्। पाएपनि समयमै नपाउँदा विभिन्न समस्या झेल्नुपर्ने बाध्यता छ। मिडियाको व्यावसायिकतामा सुधार ल्याउन चुनौतीपूर्ण छ।

डिजिटल मिडियाको आगमनसँगै सम्भावना र चुनौतीहरु थपिँदैछ। अनलाइन मिडिया तथा डिजिटल पत्रकारितालाई मर्यादित तथा व्यवस्थित बनाउन जरुरी देखिन्छ। सरोकारवाला निकायसँगको समन्वयमा विभिन्न नीति, ऐन, कानून तथा कार्यक्रमहरु ल्याएर पत्रकारहरूको पेशागत स्तरलाई बलियो बनाउँदै लैजानुपर्ने आवश्यकता छ। पत्रकार महासंघले पत्रकारहरूको पेशागत कौशल र ज्ञानको विकासका लागि बिरालो बाँधेर श्राद्ध गरेजस्तो नभई प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। यसका कारण,पत्रकारहरुलाई पेशागत हिसाबले स्थिरता र समृद्धिको महशुस होस्।

अन्ततः राज्यको चौथो अंगका रुपमा स्थापित नेपाल पत्रकार महासंघको नेतृत्वमा आन्तरिक विवाद र विभाजनका कारण संगठनको कार्यक्षमता र प्रभावकारिता घटेको छ। विभिन्न समूहहरूका बीच मतभेद र शक्तिसंघर्षले संगठनको उद्देश्य र लक्ष्यलाई तुहाउँछ। यस्तो अवस्थाले पत्रकार महासंघको प्रभाव र प्रतिष्ठामा नकारात्मक असर पर्नु स्वाभाविक हो। यसले सदस्यहरूको महासंघ प्रतिको विश्वास कमि हुन्छ। सँगै पत्रकारितामा नवप्रवेशीहरुलाई संगठनप्रतिको आकर्षण घट्छ।

त्यसैले नयाँ नेतृत्वले पेशागत सुधारका लागि नयाँ दृष्टिकोण ल्याउनुपर्छ। पत्रकारिता पेशामा व्यावसायिकता, पारदर्शिता र समृद्धिको नयाँ युगको शुरुवात गर्नुपर्नेछ। यसमा मुख्य कुरा भनेको पत्रकारहरूको सुरक्षाको सुनिश्चितता, पारिश्रमिकमा सुधार र प्रेस स्वतन्त्रताको रक्षाका लागि आवश्यक ऐन, कानून बनाएर त्यसको प्रभावकारी कार्वान्वयन गर्नु हो। पत्रकार महासंघका भावी नेताहरूले संगठनको आन्तरिक एकतासहित डिजिटल मिडिया र पत्रकारिताका नयाँ प्रविधिहरूसँग तालमेल मिलाउँदै संगठनलाई अझ प्रभावकारी बनाउनु पर्छ।

अतः यो निर्वाचनमा सबै पत्रकारहरुले हाम्रो हैन, महासंघका निम्ति राम्रो व्यक्ति पहिचान गरौं। हाम्रा लागि काम गर्नसक्ने अब्बल पत्रकारलाई मतदान गरौं। पत्रकारिता र पत्रकार महासंघको गिर्दो 'साख' जोगाऔं।

*जय पत्रकारिता !*

## अदालतको ...

नलिएको बताएका पनि समाचार स्रोतले उल्लेख गरेको छ।

गितेन्द्रबाबु (जी.बी.) राईले खोलेको कम्पनी गोर्खा मिडिया नेटवर्क प्रा.लि.ले सञ्चालन गरेको ग्यालेक्सी फोरके टिभीमा आफू कार्यक्रम संचालक मात्रै रहेको भन्ने बयानमा उनले उल्लेख गरेको स्रोतले जानकारी दिएको छ। उनले आफूलाई 'सिधा कुरा जनतासँग' कार्यक्रम सञ्चालन गर्न अनुरोध आएपछि त्यहाँ गएको तथा गोर्खा मिडियामा आफूले एक करोड ८० लाख रुपियाँ बराबरको शेयर लिएको उल्लेख गरेको पनि स्रोतले जानकारी दिएको छ। उक्त शेयरबारे उनले स्पष्ट पार्दै सो शेयर पारिश्रमिकमा कट्टा गर्ने सर्त रहेको उनले बतानमा उल्लेख गरेका छन्।

संसदीय छानविन समितिले प्रतिवेदन बुझाएपछि सहकारीको रकम लगेर अपचलन गरेको आरोपमा सबैभन्दा पहिले पूर्व डीआईजी छविलाल जोशी पक्राउ परेका थिए। उनलाई असोज ६ मा पक्राउ गरेपछि लामिछानेलाई पनि पक्राउ गर्न मार्गप्रशस्त भएको थियो।

उता, सोही प्रकरणमा पक्राउ परेका अन्यको विषयलाई राजनीतिक वृत्तमा खासै नठाइएको अवस्था छ। लामिछानेको विषय भने सञ्चारमाध्यमदेखि राजनीतिक दलहरुले संसददेखि सडकसम्म उठाउने गरेका छन्। अदालतलाई नै प्रभावित गर्नेगरी रास्वपाका नेताकार्यकर्ताहरु सडकमा उत्रिदै आएका छन्।

सडक र संसदमा रास्वपाका नेताहरुले देखाएको हर्कत कतिपय अवस्थामा अदालतको अवहेलना हुने खालको रहेको भनी सर्वोच्च अदालतमा रिट निवेदन समेत दायर भएको छ। उनीहरुलाई सो विषयमा अदालतले अवहेलनामा किन कारबाही नगर्ने भनी जबाफ मागिएको अवस्था छ।

यता, यो प्रकरणलाई लिएर रास्वपा मात्र सीमित अवस्थामा छैन। रास्वपाले आफ्नो दलको सभापतिको विषयलाई प्रतिष्ठाको विषय बनाएको छ। यसैगरी अन्य दलहरुले समेत यो विषयमा लामिछानेको संलग्नता रहेको भनी भन्दै आएको अवस्थामा छानविन समितिले कारबाहीका लागि सिफारिस गरेकाले आफ्नो राजनीतिक रुपमा जित भएको ठान्दै आएका छन्।

यो प्रकरणमा रास्वपाका नेताकार्यकर्ताहरुले नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाप्रति आक्रोश व्यक्त गर्दै आएका छन्। उनीहरुको बुझाइमा महामन्त्री थापाले लामिछानेविरुद्ध प्रमाणहरु रहेको भनी दाबी गर्दै आएको अवस्थामा छानविन समिति बनेको थियो। उक्त समितिको सिफारिसले लामिछाने छानविनको दायरामा आएकाले रास्वपाले थापालाई तारो बनाउँदै आएको छ।

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा बनेको सरकारमै रहेकै अवस्थामा कित्ता परिवर्तन गर्न पुगेका नेकपा (एमाले) का अध्यक्ष एवम् प्रधानमन्त्री खड्गप्रसाद ओलीप्रति दाहाल आक्रामक बन्दै आएका छन्। आफ्नो नेतृत्वको सरकारमा अन्तिम समयसम्म पनि लामिछाने र लामिछानेको दल रास्वपाले साथ दिएको गुण दाहालले अहिलेको प्रकरणमा लामिछानेप्रति सद्भाव देखाएर तिर्ने गरेका छन्।

यसैगरी वर्तमान सरकारको नेतृत्व ओलीले गरेको तथा यही सरकारले लामिछानेमाथि कानूनी अनुसन्धान थालेको भनी रास्वपा एमालेप्रति आक्रामक रुपमा देखिएको छ। यस्तै, एमाले पनि रास्वपाविरुद्ध देखिएको छ।

# रास्वपाका नेताहरुसँग जवाफ मागियो

काठमाडौं। सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय पदाधिकारी एवं सांसदहरूसँग जवाफ माग्ने आदेश दिएको छ। 'अदालतको अवहेलनाको आरोपमा किन कारबाही नगर्ने ?' भनी अदालतले उनीहरुसँग जवाफ माग्ने आदेश गरेको छ अदालतले जनाएको छ।

पूर्वगृहमन्त्री रवि लामिछाने पक्राउपछिको प्रदर्शनीका क्रममा उनीहरुले दिएका अभिव्यक्ति तथा गतिविधिलाई लिएर परेको रिट निवेदनमा उनीहरुसँग जवाफ मागिएको हो। रिट निवेदनको प्रारम्भिक सुनुवाइपछि अदालतले आदेश गरेपछि उनीहरुले मागिएको जबाफ दिनुपर्ने भएको छ।

लामिछानेलाई प्रहरीले पक्राउ गरेको र अदालतको अनुमतिमा म्याद थप भइसकेको अवस्थामा उनलाई रिहा गराउन दबाबस्वरुप सडक आन्दोलन गरेको तथा त्यस अवसरमा व्यक्त अभिव्यक्तिहरुले अदालतको अवहेलना भएको भनी अधिवक्ता अनुपम भट्टराईले अदालतमा रिट निवेदन दर्ता गरेका थिए।

न्यायाधीशहरू विनोद शर्मा र महेश शर्मा पौडेलको इजलासले उनीहरूसँग 'लिखित जवाफ माग्ने' आदेश गरेपछि जवाफ के दिने र अदालतको अन्तिम निर्णय के आउला रास्वपाका नेताहरु सोचमग्न अवस्थामा पुगेका बताइएको छ।'अदालतमा विचाराधीन रहेको मुद्दालाई प्रभावित पार्न खोजेको' आरोपसहित अधिवक्ता भट्टराईले रिट निवेदनमा कानूनी प्रक्रिया र फौजदारी न्याय प्रणालीमा अवरुद्ध पार्न खोज्ने रास्वपाका पदाधिकारीहरूलाई अदालतको अवहेलनामा कारबाही हुनुपर्ने माग गरेका छन्।

# उपाध्यक्ष शेर्पालाई सम्मानित




काठमाडौं। दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका उपाध्यक्ष उमा लुंगेली शेर्पालाई सम्मानित गरिएको छ।

उपाध्यक्ष शेर्पालाई सोतोकान कराते एस.के.डि.यु.एन केन्द्रिय डो संघ र गोकर्णेश्वर शाखा डोजोका कराते प्रशिक्षक,राष्ट्रिय रेफ्री तथा खेलाडीहरुले आइतबार बधाई तथा शुभकामना कार्यक्रमको आयोजना गरी सम्मानित गरेका हुन्। कार्यक्रम गोकर्ण-८ अवस्थित जोरपाटी इन हुलेलमा आयोजना गरिएको थियो। शेर्पा मंसिर १६ गते सम्पन्न स्थानीय तहको उपनिर्वाचनमा निकटतम प्रतिद्वन्द्वी माओवादी केन्द्रकी निमलेकी शेर्पालाई २०५ मतान्तरले पराजित गर्दै एमालेबाट गाउँपालिका उपाध्यक्षमा निर्बाचित भएकी थिइन्।

# कांग्रेस कार्यकर्ता माओवादी केन्द्रमा प्रवेश

तनहुँ/ तनहुँमा ५० जनाभन्दा बढी नेपाली कांग्रेसका कार्यकर्ता नेकपा ( माओवादी केन्द्र) मा प्रवेश गरेका छन्।

यसरी प्रवेश गर्नेहरुमा ऋषिङ गाउँपालिका-१ झापुटारर आँबुखैरेनी गाउँपालिकाका कांग्रेस कार्यकर्ता रहेका बताइएको छ। माओवादी केन्द्रको पालिका



अधिवेशन र खबरदारी सभाका दौरान उनीहरू पार्टी प्रवेश गरेका हुन्।

नवप्रवेशीहरुलाई माओवादी केन्द्रका उपमहासचिव एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले स्वागत गरेका थिए। झापुटारमा श्यामला थापासहित २७ जना र आँबुखैरेनीमा पदम नेपालीसहित २५ जना पार्टीमा प्रवेश गरेको माओवादी केन्द्रले जनाएको छ। कार्यक्रममा पुनले वर्तमान कांग्रेस-एमाले गठबन्धनको सरकार भ्रष्टाचार, राज्य दोहन र बेचबिखनमा संलग्न आफ्ना मान्छेहरूको संरक्षण र स्वार्थ समूहको चाहनामा चलिरहेको आरोप लगाए। उनले सोही कारण जनता ती दलहरूको विकल्पको खोजीमा रहेको दाबी गरे।

# फरार निराजन युएईमा पक्राउ

काठमाडौं/ मानव बेचबिखन तथा ओसारपसार मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादीनिराजन नेपाली संयुक्त अरब इमिरेट्स (युएई) बाट पक्राउ परेका छन्।

एनसिबि अवुधावी युएईको समन्वयमा उनलाई त्यहाँ पक्राउ गरिएको प्रहरीले जनाएको छ। रूकुम पश्चिम आठबीसकोट नगरपालिका-५का नेपालीलाई सम्बन्धित मुद्दामा कारबाही प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिएका छन्। नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट गत साउन ७ गते उनीविरुद्ध रेड नोटिस जारी भएको थियो।

# वैद्य महासचिवमा चयन

काटमाडौं/ क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले मोहन वैद्य (किरण) लाई महासचिव चयन गरेको छ। यही मंसिर १३ देखि २३ गतेसम्म यहाँ भएको महाधिवेशनले वैद्यलाई सर्वसम्मत रुपमा चयन गरेको हो।

पार्टीले महाधिवेशनबाट संगठनात्मक दृष्टिकोणले महासचिवीय प्रणालीमा जाने निर्णय गरेको मंगलबार पत्रकार सम्मेलन गरी जानकारी दिइयो। पूर्ण केन्द्रीय समिति ११७ जनाको, वैकल्पिक केन्द्रीय सदस्य ९५ जनाको राख्ने गरी केन्द्रीय परिषद् समेत बनाउने निर्णय गरेको जानकारी सो अवसरमा दिइएको छ।

राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याहरुलाई सो पार्टीले उठाउने निर्णय पनि गरेको जानकारी गराइएको छ। स्वतन्त्र पहल र कार्यगत एकता एवं संयुक्त मोर्चा गरी संघर्षका कामलाई अगाडि बढाउँदै लैजाने निर्णय पनि गरिएको जानकारी दिइएको छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

KEEN
SMART LIVING
दूर दृष्टि डिजिटल प्रा.लि.

# जनशक्तिको व्यवस्थापनबारे थपिए प्रशिक्षक

काठमाडौं/ जनशक्तिको व्यवस्थापनसँग सम्बन्धित रहने गरी ३२ जना प्रशिक्षकहरु एच.आर. क्यापिटल नेपाल नामक मुनाफा वितरण नगर्ने कम्पनीले तयार गरेको छ। गत शुक्रबारदेखि सोमबारसम्म उनीहरुलाई प्रशिक्षण दिएर तयार गरिएको संस्थाले जनाएको छ।

नेपालमा रहेका जनशक्तिको सही व्यवस्थापनको विषयलाई ध्यानमा राखी उक्त संस्थाले मानव संसाधनका विषयलाई जनस्तरसम्म पुऱ्याउने उद्देश्यका साथ यो प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरेको संस्थाका अध्यक्ष प्रकाश गैरेले जानकारी दिनु भएको छ। 'स्थानीय स्तरमा नेतृत्वको विकास-शिक्षा र सीप' भन्ने विषय छनौट गरी त्यसका लागि आवश्यक प्रशिक्षकहरुको तयारीमा संस्थाले यो प्रशिक्षणको कार्यक्रम राखेको हो।नेपालमा जनशक्ति वा मानव संसाधनलाई बैदेशिक रोजगारीसँगमा मात्र हेरिने प्रचलन रहेकोले जनशक्तिको व्यवस्थापनको पाटो पछि परेको कुरालाई मध्यनजर गरी संस्थाले प्रशिक्षकहरुको उत्पादन गरेको हो।












'सही ठाउँमा सही व्यक्तिको व्यवस्थापन भए मात्र मुलुकले विकासमा फड्को मार्ने अवस्था आउँछ भन्ने कुरालाई ध्यानमा राखी प्रशिक्षकहरु तयार गरेका हौं। यसरी तयार भएका प्रशिक्षकहरुलाई विभिन्न जिल्लामा प्रशिक्षकका रुपमा खटाउने तयारीमा संस्था लागेको छ।'अध्यक्ष गैरे भन्नु हुन्छ।

उक्त प्रशिक्षक प्रशिक्षण तालिमका मुख्य प्रशिक्षकका रुपमा पूर्वसचिव केवल प्रसाद भण्डारी रहनु भएको थियो। उहाँले प्रशिक्षार्थीहरुलाई तालिम कसरी दिने भन्ने विषयका अतिरिक्त विषयका विषयमा पनि जानकारी दिनु भएको थियो। प्रशिक्षण तालिममा विभिन्न क्षेत्रमा आवद्ध व्यक्तिहरुले सहभागिता जनाएको तथा उहाँहरुलाई आगामी पौष १३ गते एक दिनको मूल्यांकन प्रशिक्षण गरी विभिन्न जिल्लामा काममा खटाउने सोच संस्थाले लिएको छ।

प्रशिक्षक प्रशिक्षण तालिममा अच्युतम लामिछाने, अशोक देव पराजुली, भूपाल बस्नेत, विमल शेर्पाली, विनिता देवी पन्त, चुरामणि भुसाल, गणेश प्रसाद पोखरेल र गोविन्द न्यौपाने प्रशिक्षार्थीका रुपमा रहनु भएको थियो। यसैगरी हरि नारायण लामा, हरि शरण जमकटेल, कौशल कुमार भट्टराई, मेघनाथ भण्डारी, मोहन बहादुर बुर्जा मगर, मुकुन्द चौलागाई, निराकर सुवेदी, पाशाङ शेर्पा, प्रकाश बास्कोटा, राजु गड्तौला र राम कुमार भट्टराईले पनि सहभागी रहनु भएको थियो। यस्तै रीना खुलाल, समीर थापा, सन्तोष विष्ट, सपना सुब्बा, शान्ति पाखिन लामा, सिर्जना खड्का, सुभद्रा दंगाल, सुनिता जि.सि., स्वस्ती प्रधान, थम्मन प्रसाद भुसाल, तुलमणि पौडेल, उमेशमान डंगोल, उपमा भण्डारी र नवराज कोइराला पनि सहभागीका रुपमा रहनु भएको संस्थाले जनाएको छ।





## सडक डिभिजन खाल्टे-सिन्धुलीबाट जारी सार्वजनिक सूचना

- मिति २०८१ साल असोज ११ र १२ गते परेको अविरल वर्षादको कारण बाढी पहिरो आई वि.पी. राजमार्गको नेपालथोकेदेखि बखेखोला सडक खण्डमा विभिन्न स्थानहरुमा सडक सतह पूर्ण रुपले क्षतिग्रस्त भएकोले यातायातका साधन सावधानीपूर्वक चलाउन अनुरोध छ।
- उल्लेखित बाढीको कारण खुर्कोट स्थित पुलको बायाँपट्टी स्पान बगाएको ठाउँमा बेलिब्रिज निर्माण गरिएको र उक्त बेलिब्रिजको भार बहन क्षमता १५ टन र यातायातका साधनको गति २० कि.मी. प्रति घण्टा भएकोले सोही बमोजिम सावधानीपूर्वक यातायातका साधन चलाउन अनुराध छ।
- सडक सिमा अतिक्रमण नगरौं।
- सडक सबैको साझा सम्पत्ति हो यसको संरक्षण गरौं।

## बाल अधिकारप्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्।
- बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास एवं सहभागीताको अधिकारको सुनिश्चित गरौं, गराऔं,
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं।

*बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड


Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel,**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**